# धर्मकीर्ति

# THE DHARMAKIRTI

**A BUDDHIST MONTHLY**



भगवान बुद्धले नालागिरी हात्ती (रक्सीले मात्तिएको हात्ति) लाई मैत्री बलले दमन गर्नुभएको दृश्य ।

प्रतियोगीको नाम– मा श्रद्धा गुरुमां (सुनन्दाराम विहार)

चित्रकला प्रतियोगितामा प्रथम हुन [illegible] वर्ष देखि १६ वर्षसम्मको समूह)

DHARMAKIRTI

वर्ष-२७, अङ्क-३ बु.सं. २५५३, गुरु पुन्हि

# सुस्वास्थ एवं दीर्घायुको कामना !



## श्रद्धेय भिक्षुणी धम्मवती गुरुमां

नेपालमा सर्वप्रथम 'अभिधम्म पट्ठान' उत्तीर्ण गर्नु हुने
धर्मकीर्ति विहारका संस्थापक अध्यक्ष, शासनधज धम्माचरिय,
अग्गमहागन्थवाचक पण्डित

## भिक्षुणी धम्मवती गुरुमांको

७५ औं जन्मोत्सवको उपलक्ष्यमा उहाँको
सुस्वास्थ, दीर्घायु तथा उत्तरोत्तर प्रगतीको कामना गर्दै
हार्दिक शुभकामना अर्पण गर्दछौं ।

## दिव्यज्योति समूह नेपाल

भोटाहिटी, नेपाल ।

फोन: ४२२४०८५

Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**7th JULY 2009**


| वर्ष- २७ | अङ्क- ३ | गुरु पुन्हि | आषाढ २०६६ |
|---|---|---|---|





सुगन्ध नभएको फूल राम्रो भएतापनि निष्फल हुन्छ। त्यसरी नै क्रियाहीन कुरा पनि निष्फल हुन्छ।

चन्दन, चमेली आदि सुगन्धित फूलको गन्ध हावा न पुगेको ठाउँमा जान सक्दैन। तर सत्पुरुषहरूको राम्रो अर्थयुक्त असल कार्यहरूको सुगन्ध दस दिशाहरूमा फैलिन्छ।

चन्दन, तगर, कमल र चमेली आदि फूलहरूको सुगन्ध भन्दा शील सदाचारी गुण (असल आचरण) को सुगन्ध उत्तम हुन्छ।


*प्रमुख व्यवस्थापक*

विद्यासागर रञ्जित

फोन: ४२५ ८९५५

*व्यवस्थापकहरू*

चिनीकाजी महर्जन

फोन: ४२५ ३१८२

ज्ञानेन्द्र महर्जन

फोन: ४२७ ६९०८

*सह-व्यवस्थापक*

ध्रुवरत्न स्थापित

*सम्पादक*

भिक्षुणी वीर्यवती

फोन: ४२५ ९४६६

*प्रधान सम्पादक*

भिक्षु अश्वघोष महास्थविर

४२५९११० (संघाराम विहार, ढल्को)

*प्रकाशक र विशेष सल्लाहकार*

भिक्षुणी धम्मवती

फोन: ४२५ ९४६६

*कार्यालय*

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

धर्मकीर्ति विहार

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२

काठमाडौं

फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५५३

नेपाल सम्वत् ११२९

इस्वी सम्वत् २००९

विक्रम सम्वत् २०६६

| | |
|---|---|
| विशेष सदस्य | रु. १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. ७५/- |
| यस अङ्कको | रु. १०/- |

■ सम्पादकीय ■

# धर्मचक्र दिवस र आषाढ पूर्णिमा

वर्षको १२ वटा पूर्णिमाहरू आउने गर्छन् । ती मध्ये सबभन्दा जेठो त वैशाख पूर्णिमा नै भयो । यसलाई नेपाल भाषामा "स्वाँया पुन्ही" भन्ने गरिन्छ । तेश्रो पूर्णिमा त आषाढ पूर्णिमा भयो । साँच्चै भन्नु पर्दा वैशाख पूर्णिमाको महत्त्व बढेको नै आषाढ पूर्णिमाको दिन भगवान् बुद्धले सर्वप्रथम धर्मचक्र प्रवर्तन गर्नु भएको कारणले हो । बुद्धत्व प्राप्त हुनासाथ उहाँले यस ज्ञानलाई जनता माझ प्रस्तुत गर्न चाहनु भएन । किनभने समाजमा रहेका बढि भन्दा बदि मानिसहरू स्वार्थिपना र अज्ञानताले ग्रसित रहेका छन् । उनीहरूको समूहलाई यो गम्भिर ज्ञान बुझ्न त्यति सजिलो हुँदैन । कथंकदाचित् बुझिहाले पनि उनीहरूले व्यवहारमा उतार्न सक्ने छैनन् । त्यसैले भगवान् बुद्धले यस अमूल्य ज्ञान प्रचार नगरी आफु एक्लै जंगलमा गई बिताउने विचार गर्नुभइ आफ्नुले आफैलाई अर्ति दिंदै यसरी कल्पना गर्न थाल्नु भयो– मैले केको लागि ६ वर्ष सम्म जंगलमा रही तपस्या गर्दै कष्ट भोगेको ? किन र के उद्देश्यले राज्य सुख त्याग गरी त्यागी भएँ ? कुन उद्देश्यले बुद्धत्व प्राप्त गरें ? अज्ञानीजनहरूलाई बोधं गरी ज्ञानी बनाउनका लागि बुद्धत्व प्राप्त गरेको उद्देश्य तिमीले बिर्स्यौ ? सबै जना मानिसहरू मूर्ख र अज्ञानी नै हुन्छन् भन्ने हुन्छन् र ? तिनीहरूमध्ये बुझ्न सक्ने क्षमता सहितका र धर्मचेतना भएका मानिसहरू पनि त हुन्छन् होला नि । "यति विचार गर्नुहुँदै भगवान् बुद्धले पहिला उहाँसंग नै रही तपस्या गर्नुहुने पाँच जना ऋषिहरू (पञ्च भद्रवर्गियहरू) लाई सम्झन थाल्नु भयो । उनीहरूलाई सम्झनु भई उहाँ बाराणासी नजीकैको मृगदावन सारनाथमा जानुभयो । अनि पञ्चभद्रवर्गीहरूलाई मैत्रीपूर्वका सम्बोधन गर्दै भन्नुभयो– "हे भिक्षुहरू ! पहिला मसंग जुन धर्म चक्षु हुनुपर्ने हो, त्यो थिएन । अब मैले प्रज्ञा चक्षु प्राप्त गरें त्यसैले संसारको (चारवटा सत्यहरू) चतुआर्य सत्य दुःख छ, दुःखको कारण छ, दुःखलाई अन्त्य गर्न सकिन्छ, दुःख अन्त्य गर्नका लागि ८ वटा मार्गहरूलाई पत्ता लगाउन सक्षम भएँ । त्यसपछि पनि खूब अध्ययन र अभ्यास गर्न थालें तैपनि ज्ञान लाभ गर्न सकिन । मेरो मनमा लुकिराखेका पुराना संस्कार र मिथ्या दृष्टिहरूलाई त्यागिसकेपछि मात्र मैले बुद्धत्व प्राप्त गर्नसकें । हे पञ्च भद्रवर्गियहरू ! ध्यानपूर्वक सुन । दुःखबाट मुक्त हुनका लागि सम्यक दृष्टि (ठीक समझ-दारी) हुनु जरूरी छ । मिथ्यादृष्टिबाट मुक्त भएपछि अर्थात सम्यक दृष्टि भएपछि मात्र सम्यक संकप्प (ठीक चिन्तन), सम्यक बाचा (ठीक कुराकानी), सम्यक कर्मान्त (ठीक कार्य वा निर्दोष कार्य), सम्यक आजीविका (ठीक जीविका), सम्यक व्यायाम (ठीक अभ्यास वा प्रयत्न) सम्यक स्मृति (ठीक तरीकाको होश), सम्यक समाधि (ठीक तरिकाको एकाग्रता), आदि प्राप्त हुनेछ । जसले यी आठवटा मार्गहरूको अनुशरण गर्न सक्छन्, त्यसले मात्र दुःखबाट मुक्ति पाउँछन् ।

पञ्चभद्रवर्गीयहरूले जब भगवान् बुद्धबाट यी मध्यम मार्ग रूपी ज्ञानका कुराहरू सुन्न थाले, तब उनीहरूले विचार गर्न थाले

"सिद्धार्थले पहिला पहिला यस्तो कुरा कहिले पनि गर्नु भएको थिएन । अहिले यस्तो ज्ञानको कुराहरू प्रस्तुत गर्न सकेको नै उनले ज्ञान लाभ गरेको कारणले हो ।"

यसरी उनीहरूले सिद्धार्थ कुमारले बुद्धत्व प्राप्त गरी ज्ञान लाभ गरेको अवश्य पनि हो भनी विश्वास गर्न थाले । उनीहरूले फेरि विचार गर्न थाले–

"हामीले आफ्नो मन भित्रको पुराना मिथ्यादृष्टि हटाउन नसकेको कारणले हामी अज्ञानी रहयौं । हामीले हाम्रो चित्त शुद्ध गर्नु परेको छ । पुराना कुसंस्कारलाई तिलाञ्जली दिनु परेको छ ।"

यसरी उनीहरूले आफूले आफैलाई बोध गर्न सफल भए ।

यसरी हामीले पनि बुझ्नु परेको छ, बुद्ध शिक्षाको सार नै सम्यक दृष्टि वा ठीक समझदारी हो । संकुचित विचारको हुनु भएन । पूर्वाग्रही हुनु हुन्न । सेवागर्नलाई पहिला आफ्नो स्वार्थी भावना त्यागनु पर्छ । त्याग चेतना भनेको ठूलो कुरो हो । आज हाम्रो देशमा जुन अशान्तिले ठाउँ लिइराखेको छ, त्यसको प्रमुख कारण नै सम्यक दृष्टिको अभाव हो । नयाँ नेपालको कुरा मात्र गर्छन् तर काम सबै पुरानै तरिकाले गर्छन् । पुरानो संस्कार त्यागन नसकेका कारणले नै एक अर्काको दोष खोज्दै एक आपसका असमझदारी वातावरण सृजना गरी आरोप प्रत्यारोपणमा रमाइरहेका देखिन्छन ।

बुद्धको धर्मचक्र प्रवर्तन अनुसार सम्यक दृष्टि रहेन भने चिन्तन, वचन, काय, प्रयत्न,होश र एकाग्रहता जस्ता सबै कार्यहरू व्यर्थको हुनेछन् । त्यसैले हरेक क्षेत्रमा सही समझदारीको आवश्यकता रहेको छ । यसले मात्र शान्ति र मेलमिलापको भाइचारा स्थापित हुनेछ । निर्दोष जनताले आशा गरेको यस शुभ सपना सकेसम्म छिटो विपनाको रूपमा पूरा होस् भनी धर्मकीर्तिले सदा कामना गर्दछ ।



Downloaded from http://www.dhamma.digital

# अग्गिक भारद्वाज

■ सत्यनारायण गोयन्का

एक समय भगवान् श्रावस्तीमा विहार गरिरहनु भएको थियो । उहाँ भिक्षाटनको लागि बिहान विहारबाट निस्किनु भयो। घर घर पिच्छै भिक्षा माग्दै भगवान् अग्गिक भारद्वाजको घर अगाडि पुग्नुभयो । त्यस समय, भारद्वाज यज्ञको तयारी गर्दै थिए । तथागत आफ्नो घर तर्फ आउँदै गरेको देखेर आफूभित्रको घृणित अनुदार स्वभाव बाहिर अभिव्यक्त हुन थाल्यो। जातपात र छुवाछुटको भूतले उनलाई छोप्यो, त्यसको असरले उनको मुखबाट गालीका नराम्रा शब्दहरू निस्के ।

मेरो यस पवित्र यज्ञ शालामा अपवित्र श्रमणको छाँया नपरोस्, मेरो यज्ञ अशुद्ध नहोस्, यस्ता भावहरू सोच्दै भगवान्लाई टाढैबाट रोक्दै कराउन थाले–

– "हे मथमुण्डे त्यहीं रोक । हे, श्रमण त्यहीं रोक । हे, नीच चाण्डाल त्यहीं रोक ।"

यी अपमान जनक शब्द सुनेर भगवान्को मनमा करुणा जाग्यो । प्रेम पूर्ण वाणीमा भगवान्ले सोध्नुभयो–

"हे भारद्वाज, चाण्डाल कस्लाई भन्छ, तिमीलाई थाहा छ ?"

– "छैन, हे श्रमण, मलाई थाहा छैन ।"

"ल सुन । चण्डाल बनाउने कर्मको बारेमा म तिमीलाई भन्छु ।"

अग्गिक भारद्वाज उत्सुकता पूर्वक सुन्न राजी भए । भगवान्ले अगाडि भन्नुभयो–

– जो व्यक्ति क्रोधी छ, झगडालू छ, पापी छ, ईर्ष्यालू छ, गलत धारणामा अल्झिएको छ, मायावी छ त्यसलाई चाण्डाल भनिन्छ ।

– जसले अण्डज प्राणीहरूको हत्या गर्दछ, जसको प्राणीहरूप्रति अलिकति पनि माया छैन, जस्ले गाउँ तथा शहर लाई घेरेर हत्या गर्दछ, जो अत्याचारीको रूपमा प्रसिद्ध छ - ती चाण्डाल हुन् ।

– जस्ले गाउँ तथा वनमा कसैको सम्पत्ति लुट्छ, जसले ऋण लिएर तिर्दैन, लुकी लुकी हिँड्छ, त्यो चाण्डाल हो ।

– जस्ले बाटोमा हिंड्ने मानिसहरू मारेर लुट्छ, जस्ले पैसाको लागि झूठो बयान दिन्छ, जसले प्रेमपूर्वक वा जबर जस्ती आफ्नो साथी-भाइ वा मित्रका पत्नीलाई आफ्नो बनाउँछ, जो धनसम्पन्न भएर पनि आफ्नो बृद्ध माता-पितालाई पाल्दैन त्यस्तो व्यक्तिलाई चाण्डाल भनिन्छ ।

– जस्ले माता-पिता, भाई-बहिनी तथा सासु-ससुरालाई दुर्वचन बोलेर पिडा दिन्छ, जस्ले सार्थक कुरा गर्दा निरर्थक उत्तर दिन्छ; जस्ले लुकाई-छिपाई धोखा दिन्छ, जो अरूको घरमा गएर मालसामान लिन्छ, जस्ले आफ्नो घरमा आएका पाहुनालाई खान-पिन गर्न केही भन्दैन त्यस्तो व्यक्तिलाई चाण्डाल भनिन्छ ।

– जस्ले श्रमण, ब्राह्मण र याचनागर्नेलाई झूठो बोलेर धोखा दिन्छ, जस्ले भोजनको समयमा आउने श्रमण अथवा ब्राह्मणहरूलाई केही नदिई गाली दिन्छ, जस्ले आफूले इच्छाएको वस्तु पाउन झूठो बोल्छ; जस्ले आफूलाई प्रशंसा गरी अरूलाई निन्दा गर्दछ, जो आफ्नो अभिमानको कारण अरूको गुणलाई थाहापाउँदैन, जो ईर्ष्यालु छ, कंजूस छ, पापी छ, र दुष्कर्म गर्न डराउँदैन, लजाउँदैन त्यस्तो व्यक्तिलाई चाण्डाल भनिन्छ ।

– जस्ले बुद्धहरूलाई र उनका अनुयायी तथा गृहस्थ श्रावकहरूलाई निन्दा गर्दछ त्यस्ता व्यक्तिहरूलाई चाण्डाल भनिन्छ ।

– जो व्यक्ति अरहन्त नभए पनि अरहन्त भएको नाटक गर्दछ, त्यस्ता धोखेबाज व्यक्ति महा चाण्डाल भनेर थाहापाऊ ।

त्यस्तो चाण्डाल बनाउने कर्मको बारेमा भगवान्ले विस्तृत व्याख्या गर्नु हुँदै भन्नुभयो

**न जच्चा वसलो होति, न जच्चा होति ब्राह्मणो ।**

– न जन्मले कोही व्यक्ति चाण्डाल हुन्छ, न जन्मले कोही व्यक्ति ब्राह्मण हुन्छ ।

**कम्मुना वसलो होति, कम्मुना होति ब्राह्मणो ॥**

– आफ्नो कर्मले नै कोही चाण्डाल हुन्छ, आफ्नै कर्मले कोही ब्राह्मण हुन्छ ।

चाण्डाल व्यक्तिले पनि यदि सद्धर्म ग्रहण गरेमा ऊ यहाँ पनि सुखी हुन्छ र मरेपछि पनि उसलाई ब्रह्मलोक वा देवलोक जान कसैले रोक्न सक्दैन । यस्तै प्रकारले ब्राह्मण व्यक्ति दुष्कर्म गर्छ भने यहाँ पनि दुःखी हुन्छ र मरे पछि पनि अधोलोक तर्फ जानको लागि उसलाई कसैले रोक्न सक्दैन ।

त्यस्तो धर्ममयी व्याख्या सुनेर ब्राह्मण अग्गिक भारद्वाज अत्यंत प्रभावित भए र भगवानलाई नमस्कार गरेर उहाँको अनुयायी बने । जात-पात र छुवाछुतको मिथ्या मान्यताको भूमरीबाट मुक्त भएर आफूलाई जातको आधारमा ब्राह्मण मानिरहेका ब्राह्मण यस अहंकारबाट मुक्त भए ।

*(साभार– 'विपश्यना' मंसिर २०६५, वर्ष २५, अङ्क ८)*

# धम्मपद - २२२

■ रीना तुलाधर (बनिया) *'परियत्ति सद्धम्म कोविद'*

**अभूतवादी निरयं उपेति**
**यो चा पि कत्वा न करोमी चा ह**
**उभोपि ते पेच्च समा भवन्ति**
**निहीनकम्मा मनुजा परत्थ**

अर्थ– असत्यवादी नरकमा पुग्नेछ, पाप गरेर पनि नगरें भन्ने पनि नरकमा पुग्नेछ, यी दुई वटै हीन कार्य गर्नेहरू नरकमा पुगेर समान किसिमका हुन जान्छन्।

घटना– उपरोक्त गाथा भगवान बुद्धले जेतवन विहार मा बस्नु हुँदा सुन्दरी परिब्राजिकाको कारणमा भन्नु भएको थियो।

भगवान् बुद्धको समयमा गौत्तम बुद्धको प्रख्याती र लाभ सत्कार देखेंर तीर्थकर निग्रन्थहरूलाई इर्ष्या हुन थाल्यो। यी अबौद्ध- धर्मावलम्बिहरूको प्रख्याती घट्न थालेको थियो। तिनीहरूले विचार गरे– यस्तै भइरहयो भने आफूहरूको अवस्था झन बिग्रिन सक्छ। अत: गौत्तम बुद्धको नाम बद्नाम गर्ने केही उपाय गर्नु पर्‍यो।

उनीहरूले एउटा षडयन्त्र भर्ने योजना बनायो। सुन्दरी भन्ने एउटी राम्री केटीलाई ल्याएर भन्यो– "तिमी राम्री छौ। तिमीले श्रमण गौत्तमसँग आफ्नो प्रेम सम्बन्ध भएको जस्तो नाटक गरेर उनीलाई बद्नाम गर्ने कार्यमा हामीलाई मद्दत गर्नु पर्‍यो।

सुन्दरीले कुरा बुझिन्। त्यसपछि उनीले आफूलाई निर्देशन दिइए बमोजिम साँझपख जेतवन विहारतिर जाने गरिन्। जेतवन विहारतिरको बाटोमा भेट्नेहरूले उनीसँग "सुन्दरी तिमी कहाँ जान लागेका ?" भनी सोध्दा "म श्रमण गौत्तमसँग गन्धकुटीमा सुत्न जान लागेको" भन्थिन्। त्यस्तो भनेर जेतवन बिहारसँग नजिकको तीर्थकर हरूकै ठाउँमा गएर सुत्न जान्थिन्। भोलिपल्ट बिहान जेतवन विहारबाट फर्केर आएको जस्तै, गरी त्यही बाटोबाट फर्किन्थिन्। बाटोमा कसैले 'सुन्दरी तिमी कहाँबाट आएकी ?' भनी सोध्दा– "म गन्धकुटीमा श्रमण गौत्तमसँग रात बिताएर आएकी।" भनेर जवाफ दिन्थिन्। यस प्रकार उनीले तीन दिनसम्म आफ्नो कार्य गरिन्। उनी आफैलाई तीर्थकरहरूको षडयन्त्र बारे पूरा थाहा थिएन।

तीन दिन बितेपछि तीर्थकरहरूले गुण्डाहरू लगाई सुन्दरीको हत्या गराए। गुण्डाहरूले आफूलाई काम अह्राइए बमोजिम सुन्दरीलाई मारेर लास चाहिँ जेतवन निर फोहर जम्मागर्ने ठाउँमा फयाँकीदियो।

यति कार्य भएपछि तीर्थकरहरूले सुन्दरी परिब्राजिका बेपत्ता भइन् भनेर नगरमा हल्ला चलायो महाराजाकहाँ गएर उजुरी पनि गर्न गयो कि सुन्दरीको खोजी गर्नुपर्‍यो। महाराजको आदेश बमोजिम खोजी गर्दा सुन्दरीको लास जेतवननिर फोहरमा भेट्टियो। यही कुरा पुन: उनीहरूले महाराजाकहाँ जाहेर गर्न गयो। पुन: महाराजाको आदेश लिईकन तिनीहरूले 'सुन्दरकिो लास' नगरभरि घुमाएर "हेर जनता श्रमण गौत्तम र तिनका शिष्यहरूको कालो कर्तुत" भन्दै हुनसम्म बदनाम गर्दै हिंडे।

बुद्धका शिष्यहरूले यो झूठो आरोप सहन सकेनन्। तथागतकहाँ गएर भएका जम्मै कुरा बिन्ति गर्न गए। अनि बुद्धले आफ्ना शिष्यहरूलाई भन्नु भयो– "भिक्षुहरू ! तिमीहरूले उनीहरूलाई यही भन– भनीकन उपरोक्त गाथा भन्नुभयो र सम्झाउनु भयो।

महाराजाले पछि फेरि यही काण्डको सत्य तथ्य पत्ता लगाउन जासूसहरू खटाए। एक ठाउँमा त्यही सुन्दरीलाई मार्ने गुण्डाहरू रक्सी पिएर आ-आफूहरू कुरा गरीरहेको ठाउँमा जासूसहरू पुगेछ। गुण्डाहरूले रक्सीको सूरमा सुन्दरीलाई मार्दाखेरिको कुरा आ-आफू बिच पीलापोल गरीरहेको थियो।

अनित जासूस राजपुरूषहरूले ती गुण्डाहरूलाई पकडेर लगे। महाराजकहाँ पुगेपछि गुण्डहरूले आत्म समर्पण गरे र आफूहरूलाई तीर्थंकर साधुहरूले खटाएको पनि वृतान्त कुरा बताए।

तीर्थकहरूलाई पनि पकडेर ल्याइयो। महाराजको अगाडी तिनीहरूले पनि आत्म समर्पण गरे। त्यसपछि महाराजाको आदेश बमोजिम तीर्थकरहरूलाई "आफूहरूले श्रमण गौत्तमलाई बदनाम गर्न षडयन्त्र गरेका हौं।" भनेर प्रचार गराउँदै नगरमा परिक्रमा गराइयो। तिनीहरूलाई बुद्ध। तिनका शिष्यहरू निर्दोष छन् भन्न लगाए।

सारा जनताले यथार्थ कुरा बुझे। तीर्थकरहरूलाई राज्यस्तरबाट, सजाय दिइयो। यो घटना पछि त बुद्ध र उहाँका शिष्यहरूको ख्याति झन प्रख्यात भयो।

■



Downloaded from http://www.dhamma.digital

# बुद्धशासनको इतिहास–९

■ भिक्षु अमृतानन्द

"सुन्नु होस भन्ते संघ ! तेश्रो अधिकरणको विनिश्चय संघले यसरी दियो–'ग्रामान्तर हुन्छ' भन्ने कुरा अधर्मयुक्त अविनययुक्त र तथागतको वचनबाट बाहिर भएको हुँदा 'ग्रामान्तर हुँदैन' भन्ने निर्णय भयो यो तेश्रो विनिश्चय भयो । यो तेश्रो दियालो फिर्कें ।"

(४) आवास हुन्छकि भन्ते?

आवास हुन्छकि भनेको के ?

भन्ते । एकमात्र सीमा गृह भएको ठाउँमा बस्ने विभिन्न आवासिक भिक्षुहरूले अलग अलग (संघ) उपोसथ गर्न हुन्छ कि हुँदैन भनेको ।

हुँदैन आवुसो ।

कहाँ हुँदैन भनेको छ ?

राजगृहमा, उपोसथ संयुक्तमा ।

(उपोसथ गरे) के आपत्ति हुन्छ ।

विनयातिसारे दुक्कटं भन्ने आपत्ति हुन्छ ।

यसरी सोधिसकेपछि रेवत महास्थविरले संघलाई यसरी विनिश्चय दिनुभयो ।

"सुन्नु होस् भन्ते संघ ! चौठो अधिकरणको विनिश्चय संघले यसरी दियो– 'आवास हुन्छ' भन्ने कुरा अधर्मयुक्त अविनययुक्त र तथागतको वचनबाट बाहिर भएको हुँदा 'आवास हुँदैन' भन्ने निर्णय भयो । यो चौथो विनिश्चय भयो । यो चौथो दियालो फिर्कें ।"

(५) अनुमति हुन्छ कि भन्ते ?

अनुमति हुन्छ कि भनेको के ?

पछि आउने भिक्षुहरूको अनुमति लिउँला भनेर मनमा राखी अलग्ग एक समूह संघहरू भेला भएर (संघ) उपोसथ गर्न हुन्छ कि हुँदैन भनेको ।

हुँदैन आवुसो ।

कहाँ हुँदैन भनेको छ भन्ते ?

चाम्पेय्यक विनय वस्तुमा ।

(गऱ्यो भने) के आपत्ति हुन्छ त ?

विनवतिसारे दुक्कतं भन्ने आपत्ति हुन्छ ।

यसरी सोधिसकेपछि रेवत महास्थविरले संघलाई यसरी विनिश्चय दिनु भयो ।–

"सुन्नु होस् भन्ते संघ ! पाँचौ अधिकरणको विनिश्चय संघले यसरी गऱ्यो– 'अनुमति हुन्छ' भन्ने कुरा अधर्मयुक्त अविनययुक्त र तथागतको वचनबाट बाहिर पर्छ अतएव 'अनुमति हुँदैन' भन्ने निर्णय भयो । यो पाँचौं विनिश्चय भयो । यो पाँचौं दियालो फिर्कें ।

(६) गरिराखेझैं हुन्छ कि भन्ते ?

गरीराखेझैं हुन्छकि भनेको के ?

भन्ते ! यो हाम्रो आचार्यहरूले गरीराखेको, यो हाम्रो उपाध्यायहरूले गरीराखेको वा गरी आएको भनेर आफूले पनि त्यस्तै गर्न हुन्छ कि हुँदैन भनेको ।

कुनै हुन्छ कुनै हुँदैन आवुसो !

यसरी सोधीसकेपछि रेवत महास्थविरले संघलाई यसरी विनिश्चय दिनु भयो–

"सुन्नु होस् भन्ते संघ ! छैठौं अधिकरणको विनिश्चय संघले यसरी गऱ्यो– 'गरीराखे झैं हुन्छ' भन्ने कुरा अधर्मयुक्त अविनययुक्त र तथागतको वचनबाट वाहिर पर्छ अतएव: गरीराखेझैं कुनै हुन्छ कुनै हुँदैन' भन्ने निर्णय भयो । यो छैठौं विनिश्चय भयो । यो छैठौं दियालो फिर्कें ।"

(७) दहि नजमेको हुन्छ कि भन्ते ?

दहि नजमेको हुन्छ कि भनेको के ?

भोजन गर्नेले जुन दूध "पुग्यो" भनी प्रतिक्षेप गरी सकेको फेरि सोही दूधं दहि नजम्दै पिउन हुन्छ कि हुँदैन भनेको ।

हुँदैन आवुसो !

कहाँ हुँदैन भनी राखेको छ भन्ते ?

श्रावस्तिमा सुत्तविभङ्गमा ।

(पियो भने) के आपत्ति हुन्छ त ?

अतिरित्त भोजने पाचित्तियं भन्ने आपत्ति हुन्छ ।

यसरी सोधिसकेपछि रेवत महास्थविरले संघलाई यसरी विनिश्चय दिनु भयो–

*क्रमशः*

# केही बौद्ध विश्वासहरू...९

■ ले. के. श्रीधम्मानन्द, अनु. बरदेश मानन्धर

बुद्धको समयमा बुद्ध धर्म अरू देशमा पनि पुगेको थियो भन्ने कुरा निश्चित भै-सकेको छैन। तर पनि सम्राट अशोकको पालामा बुद्ध धर्म धेरै एशियाली मुलुकहरू सम्म पुगे। बुद्धको शान्ति सन्देश प्रचार गर्नको लागि सम्राट अशोकले विश्वका धेरै भागमा धर्म-दूतहरू पठाएका थिए। त्यस वेला अशोकले सवै धर्मलाई सम्मान र सहयोग गरेको थियो। उसको सहनशीलता उल्लेखनीय थियो। भारतमा रहेको उसको एक शिलालेखमा भनिएको छ– आफ्नो धर्मको श्री-समृद्धि बढाउने आशय लिई अरू धर्मलाई अपमान गरेर यदि कसैले आफ्नो धर्मलाई सम्मान गरेमा, वास्तवमा उसको यस कार्यले उसको आफ्नै धर्मलाई हानी मात्रै पुऱ्याउँछ।

अशोक कालमा सञ्चार व्यवस्था कठिन थियो र मानिसहरूले पहाड एवं मरूभूमी पार गर्नु पऱ्यो तैपनि बुद्ध धर्म पूर्वका धेरै भागमा पुग्न सकेको थियो। विस्तारै बुद्ध धर्म एशियाको प्रमुख धर्म हुन पुग्यो। आज पनि बहुसंख्यक एशियालीहरू यस धर्मका अनुयायी छन्।

बीसौं शताब्दीको शुरूदेखि बुद्ध धर्म युरोपियन मुलुकहरूमा प्रचार भई रहेको छ। आधुनिक विज्ञानसँग मेल खाने एउटै मात्र धर्म बुद्ध धर्म नै हो भन्ने विश्वास गर्ने धेरै जसो युरोपीयनहरू अहिले बुद्ध धर्म प्रति आकर्षित भएका छन्।

आ-आफ्नो उचित धर्म अभ्यास गरिरहेकाहरूलाई धर्म परिवर्तन गराउने आवश्यकता वा इच्छा बौद्ध धर्म दूतहरूलाई छैन। यदि मान्छेहरू आफ्नो धर्ममा सन्तुष्ट छन् भने उनीहरूलाई बौद्ध बनाउने कुनै आवश्यकता बौद्ध धर्म- दूतहरूलाई छैन। दुष्ट पापी एवं धूर्त व्यक्तिहरूलाई धार्मिक जीवन जीउन सिकाउन खोज्ने अरू धर्मको प्रचार कहरूलाई बौद्ध धर्म दूतहरूले पूर्ण समर्थन गरेका छन्। कुनै पनि प्रकारको धार्मिक विश्वास नभएकाहरूलाई आफ्नो धर्मतिर ल्याउन खोज्ने अरू धर्मका धर्म-दूतहरूलाई पनि बौद्ध धर्म- दूतहरूले समर्थन गरेका छन्।

## भविष्यका बुद्ध

"यस पृथ्वीमा आउने म पहिलो बुद्ध होइन न म अन्तिम नै हुने छु। उचित समयमा यस संसारमा अर्को बुद्ध उत्पन्न हुनेछ"। (बुद्ध)

बुद्ध परिनिर्वाण हुन लागेको वेलामा भिक्षु आनन्द र अरू अनुयायीहरूले विरह गरे। बुद्धले भन्नु भयो– "पुग्यो आनन्द, आफैलाई दुखित नपार, न रोऊ, अन्त हुनु नै सबै कुराहरूको स्वभाव हो भन्ने कुरा के मैले तिमीलाई बताएको छैन र? हामीहरू आफ्नो सबै नजीकका एवं प्याराहरूबाट विछोड हुनु पर्दछ। मुर्ख मानिसले 'म' भन्ने धारणा लिएको हुन्छ, बुद्धिमान मानिसले 'म' भन्ने कुनै आधार देख्दैन। त्यसैले बुद्धिमान मान्छेले संसारलाई सही रूपले बुझेको हुन्छ। उसले बुझेको हुन्छ कि सबै कुरा नै दु:खले पूर्ण छ र फेरि नष्ट भएर जान्छ, तर सत्य सँधै नै रही रहन्छ।

मैले यो शरीरलाई किन बचाउनु पर्छ जबकी शाश्वत निगमको शरीर ता रहिरहन्छ। म दृढ छु। मैले आफ्नो उद्देश्य पूरा गरी सकेको छु र गर्नु पर्ने काम गरी सकेको छु। आनन्द, तिमी धेरै समयदेखि अपार मैत्री पूर्ण कार्य, विचारहरूमा मेरो नजीकै रहेका छौ। तिमीले राम्रो गरेका छौ आनन्द! आफ्नो प्रयासमा तत्पर होऊ र तिमी पनि छिटै नै बन्धनबाट मुक्त हुने छौ। तिमी कामास्रवबाट, स्वार्थीपनबाट, मोह र अज्ञानताबाट मुक्त हुने छौ।

आफ्नो आँशुलाई रोक्दै आनन्दले बुद्धलाई भने– "तपाई (बुद्ध) नरहे पछि हामीलाई कसले ज्ञान दिन्छ होला?" र बुद्धले वहाँको शिक्षाहरूलाई नै आफ्नो गुरूको रूपमा लिनु भन्नुभयो। बुद्धले भन्नु भयो "यस पृथ्वीमा आउने म पहिलो बुद्ध होइन नत म अन्तिम बुद्ध नै हुने छु। उचित समयमा अर्को बुद्ध यस संसारमा उत्पन्न हुने छ जो पवित्र, सम्यक् सम्बुद्ध, विद्या र आचरणले युक्त, सुगतो, लोकलाई जान्ने, मान्छेहरू मध्य अतुलनीय नेता एवं देव र मनुष्यहरूको गुरू हुनु हुने छ। उहाँले पनि तिनै सत्यको प्रकाश गर्ने छ जुन मैले गरेको हुँ। वहाँले पूर्ण रूपले दोष रहित एवं शुद्ध धार्मिक जीवनको प्रतिपादन गर्नु हुनेछ, जसरी अहिले मैले गरेको छु।

"हामीले वहाँलाई कसरी जान्न सकुंला?" आनन्दले सोध्नु भयो। बुद्धले भन्नु भयो-"वहाँ मैत्री (बुद्ध) नामले कहलाउने छ।"

क्रमश:





Downloaded from http://www.dhamma.digital

# बुद्धकालीन आर्थिक विचार

■ छत्रराज शाक्य

ई.पू. ६२३ मा लुम्बिनीमा जन्मिएका भगवान् गौतमबुद्धबाट बुद्धधर्मको प्रादुर्भाव भयो । वास्तवमा उनले मानिसलाई दु:खबाट मुक्ति दिलाउने निर्वाण धर्म र मानव धर्मका कुरा सिकाए । कालान्तरमा हामीले संस्थापक, आध्यात्मिक गुरूका नामबाटै धर्मको नामाकरण गर्न थाल्यौं । सिद्धार्थको बाल्यकाल कपिलवस्तुको शुद्धोधन महाराजको दरबारमा बित्यो । २९ वर्षको उमेरमा महाभिनिष्क्रमण (गृहत्याग) गरी दु:खबाट मुक्ति पाउने ज्ञानको खोजमा उनी लागे । अन्त्यमा भारतको बुद्धगयामा पुगेर बोधिवृक्ष (पीपलको रूख) मुनि विपश्यना ध्यानपछि बुद्धत्व ज्ञान प्राप्त गरी सम्यक सम्बुद्ध भए ।

बुद्धधर्मका त्रिपिटक अन्तर्गत सूत्रपिटक, विनयपिटक, अभिधम्मपिटक, जातक, दीर्घनिकाय, गृह विनय आदि विभिन्न ग्रन्थको अध्ययन गर्ने हो भने आर्थिक चिन्तन र विचारको बाहुल्य भएको पाइन्छ । यसका साथै बुद्धकालीन स्थलहरूको उत्खननबाट प्राप्त पुरातात्विक सामग्री शिलालेख, स्मारक, मुद्रा विज्ञान आदि पनि महत्त्वपूर्ण स्रोत हुन्, जसबाट बुद्धकालीन आर्थिक विचार स्पष्ट रूपमा थाहा पाउन सकिन्छ । यी आर्थिक विचार र चिन्तनको क्रमबद्ध रूपमा व्यवस्थित ढंगबाट अध्ययनचिन्तन गर्ने हो भने बौद्ध अर्थशास्त्रको रूपमा फेला पर्दछन् । विश्वका बौद्ध विद्वान्बाट बौद्ध आर्थिक चिन्तन विचारको अध्ययन र अनुसन्धान गर्दै बौद्ध अर्थशास्त्रको रूपरेखा अगाडि बढाईदैछ ।

बुद्ध शासनमा भिक्षु, भिक्षुणी, उपासक र उपासिका गरी चार वर्ग छन् । भिक्षुभिक्षुणी बौद्ध विहारमा बस्छन् । गृहस्थी श्रद्धालु दाताबाट दिइएको दानबाट उनीहरूको जीवनयापन हुन्छ । उनीहरूले गृहस्थलाई बुद्धका उपदेश तथा शिक्षा दिने गर्छन् । गृहस्थ उपासक तथा उपासिकाले आफ्नो जीवनयापनका लागि कृषि, व्यापार एवम् उद्योगमा लागेर अर्थोपार्जन गर्दछन् । बुद्धकालमा नेपालमा अनेक शिल्पकारी कर्म प्रचलित थियो । वर्तमान समयमा जस्तै रोजगारीको समस्या नभई त्यस बेला जनसंख्याको कमी थियो, काम गर्न चाहनेले रोजगारी पाउँथे । त्यतिबेला नेपाल र भारतका विभिन्न राज्यमा कृषि मुख्य पेशाको रूपमा थियो । कृषि पेशा र कृषकलाई उच्च सम्मानको दृष्टिले हेर्ने गर्दथे । कपिलवस्तुका राजा शुद्धोधनले आफ्नो राज्यमा प्रत्येक वर्ष धुमधामका साथ कृषि महोत्सवका रूपमा आयोजन गरी हलोले खेत जोती कृषिकार्यको थालनी गर्दथे । त्यसपछि कृषकले सयौं गोरू हलो चलाउँथे । नदीको पानीबाट सिँचाइ गर्दथे । बौद्ध ग्रन्थ दीर्घ निकाय कुटदन्त सूत्र १.५ मा उल्लेख गरेअनुसार एक समय भगवान् बुद्ध पाँच सयजना भिक्षुहरूको साथमा मगध देशमा भ्रमण गर्दै थिए । खाणुमत ग्राममा पुगेपछि कुटदन्त नामक ब्राह्मणले गाउँ र देश समृद्ध हुने यज्ञबारे राखेको प्रश्नको जवाफमा बुद्धले पूर्वकालमा राजा महाविजितले पशुबलि त्यागेर अहिंसामय यज्ञ गरेको कुरा सुनाए । साथै देशमा अनिकालको समस्या समाधान गर्न, समृद्ध एवं विकास गर्न कृषकलाई बीउ र आवश्यक कुरा दिएर सहयोग गर्नुपर्दछ भनेका थिए ।

बुद्धकालमा उत्तर भारत, नेपाल ग्राम, नगर जनपद र राज्यहरूको बीचमा समेत सानोदेखि ठूलो व्यापार हुने गरेको उल्लेख छ । व्यापार व्यवसायबाट पर्याप्त आर्थिक लाभ कमाएर सेठ पदवी पाएका धनाढ्य विभिन्न नगरमा पर्याप्त थिए । चम्पानिवासी सोण कोतिविंश २० करोडको मालिक थियो । साकेतनिवासी सेठ धनञ्जयले आफ्नी पुत्री विशाखाको लागि एक करोड मूल्यको महालता आभूषण बनाएको थियो । श्रावस्ती निवासी सेठ अनाथपिण्डकले जेतवनको भूमि जेत कुमारसँग १८ करोड सुवर्ण मुद्राले खरिद गरी भगवान् बुद्धको लागि कुल ५४ करोड खर्च गरी जेतवनाराम विहार बनाएको थियो । त्यस्तै काशीको सेठ धनवान, मगधको सेठ शंख, सेठ कुम्भघोषक आदि करोडपति थियो । त्यसबेला श्रावस्तीमा नपाइने केही वस्तु थिएन । वाराणसी नगरको कलाकौशल, धन वैभव अनुपम थियो ।

मिथिलाको यवमज्झकको बजार व्यवस्था आधुनिक योजनाबद्ध नगरको जस्तो थियो । यस्तो भनिन्छ- भगवान्

बुद्धको जीवनकालमा भारतीय जनताको आर्थिक जीवन सुखी र समृद्ध थियो र देशमा स्वर्ण,रजत, धनधान्य र पशुधनको कमी थिएन । त्यस बेला वाराणसी ठूलो व्यापारिक केन्द्र थियो। त्यहाँका व्यापारीहरू गधाको पीठमा माल बोकाएर तक्षशिला (पाकिस्तान) व्यापार गर्न जाने गर्दथे । राजा विम्बिसारको पालामा राजगृह र तक्षशिला नगरबीच व्यापारिक कारोबार हुने गर्दथ्यो । दुवै राज्यका राजाहरू विम्बिसार र पुक्कुसातीले दुवै स्थानको व्यापार गतिविधि पर्याप्त विकसित भएको स्पष्ट हुन्छ ।

बौद्ध शिक्षाअनुसार व्यक्तिले पाँच उद्देश्य लिएर, जो धन सम्पत्ति कमाउने गर्दछ १. सुख ऐश्वर्य भोगका लागि, २. अरूको पोषण गर्नका लागि, ३. आपत्तिबाट बच्नका लागि, ४. पञ्चबलि अर्थात् नाता कुटुम्ब, अतिथि आदि पाँच वर्गलाई सत्कार गर्नका लागि, ५. श्रवण भिक्षुहरूको सेवाका लागि ! यसको साथै व्यापारीमा कुशाग्र बुद्धि, व्यवहार कुशलता र वस्तुको मूल्य निर्धारण गर्ने क्षमता तीन गुण हुनुपर्ने कुरा बौद्ध शिक्षामा उल्लेख गरिएको छ। अर्को महत्त्वपूर्ण, भगवान् बुद्धको उपदेश आर्य अष्टांगिक मार्गमा गृहस्थ व्यापारिकलाई मिथ्या आजीविकाबाट टाढा रही सही तरिकाले कमाएर जीविका गर्न शिक्षा दिइएको छ। यो शिक्षाअनुसार पाँचवटा वस्तुको व्यापार गर्न वर्जित गरिएको छ। पहिलो, हिंसा बढावा दिने, देशमा अशान्ति ल्याउने शस्त्रअस्त्रको व्यापार गर्नुहुँदैन भनिएको छ। दोस्रो, बालक, आइमाई मानिसको र विभिन्न पशुको किनबेच व्यापार गर्नुहुँदैन भनिएको छ। तेस्रो, मारेर मासुको व्यापार गर्नुहुँदैन । चौथो, मानिसको बुद्धिलाई भ्रष्ट गर्ने मानसिक असन्तुलन ल्याउने रक्सी मदिराको व्यापार गर्नुहुँदैन । पाँचौ, मानिस एवं जीवनको प्राण लिने विषयको व्यापार गर्नु वर्जित गरिएको छ ! गृहस्थ व्यापारीहरूले यी पाँचवटा अकुशल कुकर्म त्यागी सम्यक व्यापार गरी सेवा एवं पुण्य कार्य गरेर यही मार्गमा उन्मुख भएर आफ्नो जीवन सुखमय एवं आनन्दमय बनाउन सक्ने हुन्छ ।

बौद्ध दर्शनअनुसार मध्यम मार्ग सर्वोत्तम मार्ग हो। अध्यात्मिक मार्गमा अगाडि बढ्न दुईवटा अति मार्गलाई त्याग्नुपर्ने हुन्छ । पहिलो, अति कष्टकर मार्ग जसअनुसार दिनको प्रचण्ड गर्मीमा आगो अगाडि बस्नु, शीतकालमा एकाबिहानै हिउँजस्तो चिसो पानीमा शरीर डुबाएर राख्नु आदि। दोस्रो, बढी ऐस आराम भोगविलाशको जीवन बिताउनु हो । यी दुवै अति मार्गबाट आध्यात्मिक ज्ञान प्राप्त गर्न गाह्रो हुन्छ । अत: न अति कडा, न अति फितलो मार्ग, मध्यम मार्गमा लागेर ज्ञान प्राप्त गरेर अगाडि बढ्न सकिने हुन्छ। जीवन बाँच्नका लागि अत्यावश्यक हुन्छ। जीवनलाई स्वस्थ राख्न, आवश्यक हुन्छ । जीवनलाई स्वस्थ राख्न, आवश्यक शक्ति प्राप्त गर्न उचित मात्रामा भोजन र अन्य वस्तुको सेवन, उपभोग गर्नुपर्दछ। आवश्यकताभन्दा बढी सेवन गर्नु अनुचित हुन्छ, दुरुपयोग हुन्छ । त्यसैले मध्यम मार्ग अपनाएर उचित उपभोग गर्नुपर्ने बुद्धको शिक्षा छ ।

अहिले विश्वमा विकसित देशहरूमा अत्यधिक उपभोगको संस्कृति आएको छ भने विकासशील देशहरूमा गरिबी र अभावको कारण आवश्यकताभन्दा कम उपभोग गर्नाले अस्वस्थता र अनेकौं समस्या देखा परेका छन्। यो समस्याको समाधान गर्ने एकमात्र उपाय बौद्ध शिक्षाअनुसार आवश्यकता र तृष्णालाई कम गरी उचित उपभोग गर्नु नै सुखमय जीवनको उपाय हो । भौतिक विकासको चरम सीमामा पुगेको वर्तमान विश्वमा सुख, शान्ति, आनन्दमय जीवन टाढा हुँदै गएको छ। अत: हाम्रो जीवनलाई सुखी, शान्त र आनन्दमय बनाउनु छ भने बौद्ध शिक्षा अनुसार आवश्यकता र तृष्णालाई कम गर्ने, मध्यममार्गी बन्ने, सम्यक आजीविका अपनाउने, भौतिकवादीमात्र नभएर अध्यात्मतिर उन्मुख हुने अभ्यासमा निरन्तर लाग्नुपर्ने हुन्छ ।

त्रिभुवन विश्वविद्यालयको अर्थशास्त्र विषयको स्नातकोत्तर तहको दोस्रो पत्र इको ५०४ मा आर्थिक बिचार धाराको इतिहास विषय अन्तर्गत पश्चिमेली आर्थिक बिचार धारामा ग्रीक र रोमन र पूर्वेली विचारधारामा हेब्रु, कौटिल्यको अर्थशास्त्र समावेश गरिएको छ। पूर्वीय आर्थिक विचारधारा अन्तर्गत बौद्ध आर्थिक विचारधारालाई उक्त पाठ्यक्रममा समावेश गरी अध्ययन तथा अध्यापन गराउनुपर्ने हुन्छ । यसका लागि पाठ्यसामग्रीको विकास गर्न सकिन्छ । ■

*(साभार- अन्नपूर्ण पोष्ट)*



Downloaded from http://www.dhamma.digital


# वासना तृप्ति

■ नरेन्द्रनाथ भट्टराई

आकाश र जमीन, आकाश र समुद्र, आकाश र डाँडो जोडिएको ठाउँ, क्षितिजलाई देखेर आकाश भेट्टाउँछु भनेर हिंड्नु र संसारिक भोग वासनाबाट तृप्त हुन, शान्ति पाउन खोज्नु उस्तै हो ।

पौराणिक कालमा ययाती भन्ने एकजना चक्रवर्ती राजा थिए । यी राजा पराक्रमी हुनुका साथै अति भोगी पनि थिए ! यिनका अनगिन्ती पत्नी थिए । यिनका एक सय वटा त छोरा थिए । राजा बूढा हुँदै गए, शक्ति क्षीण हुँदै गयो तर भोग वासनाको इच्छा चाहिं घट्नुको सट्टा झन् झन् बढ्दै गयो ! फेरि युवक हुन पाए तृप्त हुने गरी भोग वासनामा डुब्ने इच्छाले यसको उपायको सोधपुछ गर्न थाले । यमराजको उपासना गरेमा जवान हुन सकिने कुरा सुनेर यमराजको उपासनाको लागि कडा तप गर्न थाले । यमराज खुसी भएर प्रकट भए ।

राजाले जवान हुन पाऊँ भन्दा यमले भने, "तिम्रा सय जना छोरामध्ये कसैले तिम्रो वृद्धावस्था ग्रहण गरेर आफ्नो उमेर दिएमा तिमी जवान हुन सक्छौ ।" तत्पश्चात् राजाले आफ्ना सय छोराहरूलाई पालैसँग बोलाएर सोधे । कोही पनि राजी भएनन् । कान्छा छोरा पुरूले यो सबै चर्तिकला देखेर भोग वासनाको अतृप्त इच्छाले मानिसलाई सताउने कुरा बाबुकै हालतबाट राम्ररी बुझिसकेका थिए । १५ वर्षका कलीला उमेरका ती कान्छा छोराले आफ्नो उमेर बुबालाई दिएर वृद्धावस्था ग्रहण गर्न अग्रसर भए । राजाले पुन: सय वर्षको आयु पाएर भोग विलासमा व्यस्त रहे । पुन: पुन: यमको उपासना गर्दै गए । यमले पनि तिम्रा कान्छा छोराले जति पटकसम्म तिम्रो वृद्धावस्था लिन्छन् त्यति पटकसम्म तिमी युवा भएर भोग भोग्न पाउँछौ भने । सय पटकसम्म ययातीले युवावस्था प्राप्त गरेर भोग वासनामा डुबे तर पनि अतृप्तको अतृप्त नै हुन गए ! ■



# हेराकाजी सुइकालाई "श्रद्धाञ्जलि !"

आफ्नै एउटा मन,
आफ्नै एउता तन,
आफ्नै एउता रंग,
छुट्टैको एउता उमंग
हेराकाजी सुइका !
कहिल्यै थाकेको थिएन,
कहिल्यै भारी परेन,
कहिल्यै खाली भएन,
गाह्रो नभएर पनि,
सजिलो पनि होइन,
हेराकाजी सुइका !
कहाँ पुग्यो, कहाँ पुगेन,
ल्याकत राख्न गाऱ्हो,
बौद्ध जतगको निम्ति,
यो मोल तोलिन गाऱ्हो ।
हेराकाजी सुइका !
अजर अमर बाटो !
अनित्य अवबोध !
आवाज पुगे ठाउँ सम्म,
आफु पुगे ठाउँ सम्म
अन्तिम खबर मृत्यु सखा: !!
हेराकाजी सुइका
मृत्यु भन अथवा निर्वाण !
मेरो भन अथवा तिम्रो !
एउटै मात्र यहाँ को,
संसार चक्र् संस्कार !!
हेराकाजी सुइका !
जगत प्रतिफलित वाटो
लब्ध स्वर तिमिले सुनायो ।
अंग प्रत्यंग रोकेर भन्यो ।
कहिल्यै मैले केहि भनेन !
आजदेखि म विदा भएँ
हेराकाजी सुइका !
तिम्रो यो भावनालाई
मेरो यो "श्रद्धाँजलि !!

■ बुद्ध शाक्य

# योग अभ्यास विधि - भाग ४८

रेकी, योगा शिक्षक एवं प्रा.चि.डा. **गोपाल प्रधान**
रेकी वैकल्पिक उपचार केन्द्र, दिव्यज्योती समूह नेपाल, भोटाहिटी, काठमाण्डौ, फोन नं.: ४२२४०८५

## प्राणिक हिलिङ्ग ७

चमत्कार परिवर्तन
र परिवर्तन नै चमत्कार हो
सम्पूर्ण चमत्कार परिवर्तनशील छ
र सम्पूर्ण परिवर्तन चमत्कार हो।

योगाभ्यास अन्तर्गत आहार विहारका वारे जानकारी प्रस्तुत गरेका थियौं साथै प्राणिक हिलिङ्ग एंव योगाभ्यास पद्धतिलाई वैज्ञानिक अध्ययन पश्चात् वैज्ञानिकहरूवाट प्रमाणित गरेका आधारशिला यस अंकमा प्रस्तुत गर्ने छौं भनेका थियौं। सोहि अनुरूप यस अंकबाट प्राणिक हिलिङ्ग एवं योगाभ्यासको विषयमा वैज्ञानिकहरूले प्रमाणित गरेका आधारशिला क्रमशः प्रस्तुत गर्न लागेका छौं। वर्तमान युगमा सवै व्यक्तिहरू तनावबाट पीडित छन्। हामीहरूको ७० प्रतिशत विरामीको कारण 'तनाव' नै हो। 'तनाव' सम्वन्धि विरामीलाई वैज्ञानिकहरूले साइको सोमेटिक रोग नाम दिएका छन्। हाम्रो सवै प्राकृतिक उपचार पद्धतिलाई मानसिक तनावले प्रभावित गर्दछ। यहाँ सम्मकि महिलाको प्रजनन् क्षमतामा पनि कमी आउँदछ। वर्तमान युगमा सम्पूर्ण स्वास्थ्य संगठन एंव औषधि निर्माताहरूले तनाववाट मुक्ति प्राप्त गर्न विभिन्न उपाय एवं औषधिको खोजी गरिरहेका छन्। त्यस्तै योगाभ्यासमा पनि योगीहरूले पनि विभिन्न अभ्यासको खोजी गरी रहेका छन्। यी सवै शारीरिक अवगुण देखिनुको प्रमुख कारण वातावरणीय असन्तुलनको कारण हो भनी वैज्ञानिकहरूले अनुसन्धानपश्चात् पत्ता लगाएका छन्। त्यस्तै संगीतकारहरूले विभिन्न वाद्यधुनद्वारा तनाव कम गर्न थुप्रै संगीतको आविस्कार गरीरहेका छन्।

आजको युगमा मानव जाती यन्त्र समान भै सकेका छन्। प्रत्येक व्यक्ति यति व्यस्त र महत्वाकांक्षी भइसकेका छन् कि कसैसंग एक मिनेटको समय छैन। यति मात्र होइन कि आफ्नो जीवनको सवभन्दा महत्वपूर्ण खाना (भोजन) पनि समयमा खान पाउँदैनन्। सम्पूर्ण जीवन अशान्त भैसकेको छ। जसले गर्दा अशान्तिबाट नै सयौं रोगको जन्म भइरहेको छ। यही कारण हामीले प्राणिक हिलिङ्ग एवं योगाभ्यासको परम्परालाई पुनः प्रतिपादन गरी विश्वका मानव कल्याणका लागि र 'तनाव' बाट मुक्तिका लागि प्रस्तुत गरेका हौं।

यति मात्र होइन नियमित प्राणिक हिलिङ्ग एवं योगाभ्यासलाई आफ्नो दिनचर्यामा जोड्ने हो भने देखि शारीरिक एवं मानसिक रुपमा धेरै फाइदाहरू हुन्छन्। जस्तै चञ्चल मनस्थिर भएर मानसिक तनावबाट मुक्त हुन्छ। वातजन्य रोग, पित्तजन्य रोग, कफजन्य रोगका साथै रूघाखोकी, फोक्सो सम्वन्धीं पेट सम्वन्धी गर्भाशय सम्वन्धी रोग आदि पूर्णरूपले निर्मूल एवं नियन्त्रण हुन्छ। साथै स्मरण शक्तिको विकास-विस्तार हुँदै जान्छ। सोही अनुरूप तपाईहरूलाई क्रमशः संक्षेपमा प्राणिक हिलिङ्गका साथै केही योगासनका वारेमा जानकारी प्रस्तुत गर्न लागेका छौं। योगासन (योगाभ्यास) गर्नका लागि आवश्यक पूर्वाधारका वारेमा गत अंकमा प्रस्तुत गरी सकेका छौं र हामीले वारम्वार योगाभ्यास गर्दा गुरूको समुस्थितिमा वा गुरूसँग राम्रो सँग सिकेर मात्र गर्नु हुन अनुरोध गर्दै आइरहेका छौं र यहाँ पनि हामी सोही कुरालाई दोहऱ्याउन चाहन्छौं। यसैकारण कुनै पनि आसन गर्न आगाव राम्रोसित सिकेरमात्र गर्नुहुन अनुरोध गर्दछौं।

■

**धर्मकीर्ति विहामा बुद्धपूजा र धर्मदेशना**

| मिति | बुद्धपूजा | धर्मदेशना |
|---|---|---|
| २०६६/२/१७ | वीर्यवती गुरुमां | वीर्यवती गुरुमां |
| २०६६/२/२४ | चमेली गुरुमां | बर्मी भन्ते |
| २०६६/३/१ | चमेली गुरुमां | चमेली गुरुमां |
| २०६६/३/२ | त्यागवती गुरुमां | मेत्तावती गुरुमां |
| २०६६/३/८ | इन्दावती गुरुमां | इन्दावती गुरुमां |



Downloaded from http://www.dhamma.digital

# बुद्धको व्यवहारिक शिक्षामा
# आत्म-दर्शन

■ विजयलक्ष्मी शाक्य

यहाँ आत्मको अर्थ आत्मा वा Spirit भनी बुद्धले भन्नु भएको देखिएन । उहाँले आत्मा छ कि छैन, संसार नित्य कि अनित्य भनी सोध्ने एक जना बुद्धकालिन परि व्राजकलाई चूप लागि जवाफ दिनु भएन । बुद्धको शिक्षा अनुरूप प्रश्नको उत्तर तीन किसिमले दिने प्रचलन अनुसार चूप लागेर बस्नु पनि एक रहेछ ।

आत्मा छ या छैन संसार नित्य या अनित्य भन्ने प्रश्नमा उहाँले जवाफ दिनु भएन । त्यसको सट्टामा वाणले लागेको घाइतेले वाण नझिकिकनै वाणको प्रकार, हान्ने व्यक्ति पत्ता लगाएर मात्र औषधि गर्ने छु भन्ने विचार गरेमा उ आफै मरिन्छ तर पत्ता लगाउनं नसक्ने जस्तै त्यस परिव्राजकको प्रंश्न पनि यस्तै खाले भएकोले उहाँले अव्याकृत भनेर जवाफ दिनु भएन ।

यहाँ दर्शनको अर्थ पनि Philosphy भन्न खोजिएको होइन । यहाँ आत्म 'म' 'अत्त' अर्थमा स्वयंको धारणा वा विचार भन्ने लाग्दछ । आफूलाई पहिले चिन्ने व्यक्ति नै अरूलाई पहिले चिन्न खोज्ने व्यक्ति भन्दा उच्चकोटिको हुन्छ भनी भगवान बुद्धले भन्नु भएको थियो । त्यस्तै धम्मपदमा लेखिएको पाइन्छ–

**अत्तहि अत्तनो नाथो-कोही नाथो परोसिया ।**
**अत्तना व सुदन्तेन- नाथं लभति दुल्लभं ।**

आफ्नो नाथ आफू वाहेक को हुन सक्दछ । आफैले आफूलाई दमन गर्ने व्यक्तिलाई दुर्लभको नाथ धम्मो प्राप्त हुन्छ । अर्थात शील, समाधीको अभ्यासले प्रज्ञा रूपी नाथ प्राप्त हुन्छ जुन बुद्ध धर्ममा भनिन्छ । पञ्जा नरानं रतनं । प्रज्ञा नै मानिंसको अमूल्य रत्न हो । त्यसको मतलव मतलवी अहंकारी वा स्वार्थी व्यक्ति हुनु पर्दछ भनेको होइन भन्ने बुझिन्छ ।

गुरू शिष्या परम्परामा गुरू पनि योग्य वा सफल हुनु पर्दछ भने शिष्यको पनि त्यतिकै दायित्व रहेको देखिन्छ । बुद्ध भन्नु हुन्थ्यो 'तुम्हे हि किच्चं आतप्पं अक्खातारो तथागता ।' बुद्ध मात्र मार्ग दर्शक हो, प्रथ प्रदर्शक हो शिष्यहरूले आफैले तप्नु पर्दछ वा कोशिश गर्नु पर्दछ । आफै इच्छुक भइ आफैले धर्म ग्रहण गरी धर्माचरण गरेमा धर्मलाई स्वीकार गर्न सक्ने हुन्छ । त्यसपछि धर्मले आफैलाई रक्षा गर्दछ भनेर धम्मो हवे रक्खति धम्मचारि । भनेको उपदेश दिएको पाइन्छ ।

बुद्ध कालिन किशागौतमीको उदाहरणबाट पनि ज्ञात हुन आउँदछ कि उनको मृत सन्तानलाई विउँताइदिन बुद्धलाई धेरै नै अनुरोध गरे । विचराको होशै थिएन पतिको घरमा आफ्नो सन्तान विनाको जीवन मरे तुल्य गुजार्नु पर्ने, नरक भोग गर्नु पर्ने विचारले उनी छटपताइरहे । तर बुद्ध भगवानले जसको घरमा कोही मरेको छैन त्यहाँबाट एकमुठी तोरी लिएर आउनु भनेर उनलाई शिक्षा दिने हेतुले माग्न पठाउनु भयो । बुद्धको शिक्षा दिने कौशल्यले पछि उनले आफैले वुझे कि मान्छे जन्मे पछि मर्नु पर्दो रहेछ भनेर उनी आफैले आफूलाई चिनिन् । आफै परिवर्तन भइन् । आत्म दर्शन आफैले गरी बुद्ध शिक्षामा दिक्षित भइन् ।

त्यस्तै राजाको सेनाले समाल्न र रोक्न नसक्ने अंगुलिमाललाई बुद्धले हिंसकबाट अहिंसक मनस्थितिको व्यक्ति वनाउन सफल हुनु भयो । आफ्नो गुरू प्रतिको अन्ध भक्तिलाई आफैले आत्म दर्शन वा चिन्ने प्रयास गरे । पूर्व गुरूको कुनियतको दर्शन पाई प्रज्ञाले बुझ्न सफल भए । कुन शिक्षा ठीक कुन शिक्षा बेठिक छुत्याउन सफल भएर नै बुद्ध शिक्षामा दिक्षित भए । बुद्धको व्यवहारिक शिक्षाले उनलाई आत्मा दर्शन गर्न सक्ने गरी सक्षम बनाइ दिए । जीवनको महत्व वुझेर मनलाई नियन्त्रण गर्न सफल भएर बुद्ध, धर्म र संघको शरणमा गए ।

यदि आफूलाई भित्रै देखि परिवर्तन नगरेको भए बुद्धको व्यवहारिक शिक्षाको महत्व घट्दै जाँदो हो तर भगवान बुद्धको उपदेश "अत्ता दीप भव, अत्त शरण,अनन्य शरण" आफ्नो संरक्षण आफै आफ्नो शरण पनि आफै अरूको होइन भनेर आत्म दर्शन गर्नु भनेको जस्तो देखिन्छ । आफ्नो दृष्टिकोण कुसल कर्मतिर परिवर्तन गरेका व्यवहारिक रूपमा आत्म दर्शन हुने रहेछ भन्ने बुझिन्छ ।

राग द्वेष मोह आफूभित्रको आफैले देखे पछि आत्म

दर्शन हुने कुरा आकोस (अक्कोस) भारद्धाज ब्राह्मणको उपमाबाट पनि स्पष्ट हुन्छ। रीसले चूर ब्राह्मणलें बुद्धलाई अनेक तरिकाले गालि गर्दा बुद्धवाट उसको पाहुनालाई पस्किएको भोजन नखाएमा कहाँ रहन्छ भनी सोध्दा ब्राह्मणले आफै कहाँ रहन्छ भने। तर उनको रिसले बुद्धलाई केही हुन नसकेकोले आफै संग रहेको रिसले भन डाहले पोलेछ भनी ज्ञात भइ आफ्नो दृष्टि फेरियो कुसल आत्म दृष्टिकोणले बुद्ध शिक्षामा दिक्षित भए। बुद्धवाट विपश्यना ध्यान भावना सिकेर अरहंत भए।

यहाँ केही उदारणहरूमा किसा गौतमी अंगुलीमाल र आक्रोस भारद्धाज ब्राह्मणले पनि अत्त भावलाई चिनी आत्म दृष्टिकोण नै परिवर्तन गरेको देखिन्छ। एकातिर बुद्ध सफल योग्य चिकित्सक भएको र उनीहरुले पनि आ-आफ्नो दु:खको कारण राग, द्वेष, मोह जस्ता दु:खको जरानै समस्या हो भनी बुझि यसको समाधान गर्न बुद्धोपदेशित शील,समाधी,प्रज्ञा जस्ता आर्य अष्टाङ्गिक मार्ग अपनाए। धर्मको शरण गएर संरक्षण पाए।

त्यस्तै अन्तरमनले बुद्ध धर्मलाई आत्मसाथ गर्दै आउनु भएकी नेपाली भिक्षुणीहरूमा वर्मावाट पहिलो पटक "अग्गमहा गन्थक वाचक पण्डित" पदवीले विभूषित श्रद्धेय धम्मवती गुरूमां पनि एक हुनु हुन्छ। उहाँले आफ्नो प्रवल इच्छाले अनेक कष्ट भोग गरी वर्मा पुग्नु भयो। १४ वर्ष सम्म बुद्ध शिक्षा अध्ययन गरी विद्वत नारी बुद्ध पुत्री हुनु भयो। बुद्ध शिक्षा प्रचार प्रसारमा लाग्दा लाग्दै ७५ वर्षको उमेरमा उहाँलाई खुट्टाको दु:खाईले सतायो। तर पनि उहाँ वहुजन हित सुखको लागि लागिनै पर्नु भयो। धेरै नै दु:खाइ र कष्ट बढेकोले मात्र विहारमा आराम लिइ वस्नु भएको पाइयो।

अवश्य पनि उहाँलाई आफ्नो स्वास्थ्यको कारणले शारीरिक दुर्वलताको अनुभव भएको हुन सक्छ। नेपालमा बुद्ध शासनिक क्षेत्रमा भिक्षु भिक्षुणीहरूको संसारमा हस्से हैंसे गर्दै आउनु भएकी उहाँ गुरूमांले सवै उपासक उपासिकाहरूलाई हौसला र साहस दिनु हुन्थ्यो। प्रोत्साहन दिनु हुन्थ्यो। त्यस्तै साहस र हौसला दिने उहाँ गुरुमांमा यस्तै क्षमता रहिरहोस् भनी आशिका गर्दै उहाँको जन्म दिनको शुभ उपलक्षमा सुस्वास्थ्य र दिर्घायुको हार्दिक मंगलमय कामना गर्दछौं। ■

## धमकीर्ति पत्रिकाको विशेष सदस्यहरु

क्र.सं. ६१८
धन कुमारी शाक्य
स्वयम्भू, काठमाण्डौ
रु. १००५।-

क्र.सं. ६१९
तारा देवी शाक्य
न्यूरोड, काठमाण्डौ
रु. १००५।-

क्र.सं. ६२०
लक्ष्मी केशरी मानन्धर
नयाँ सडक, काठमाण्डौ.
रु. १०००।-

क्र.सं. ६२९
श्रीमती पुण्य लक्ष्मी रंजित
सानेपा, इन्द्राईणी हाईट
रु. १०२०।-

क्र.सं. ६२२
दया लक्ष्मी रंजित
बवर महल, काठमाण्डौ
रु. १०२०।-

क्र.सं. ६२३
श्रीमती नरम बाबा श्रेष्ठ
साँचल, सानेपा
रु. १००५।-

क्र.सं. ६२४
श्रीमती धर्म लक्ष्मी शाक्य
दल्लु, काठमाण्डौ
रु. १००५।-

क्र.सं. ६२५
श्रीमती सुजाता शाक्य
न्हैकंतल्ला, असन
रु. १०५०।-

क्र.सं. ६२६
श्रीमान पद्म राज शाक्य
दिनकर मार्ग १४१ शान्ति नगर
रु. १००१।-

क्र.सं. ६२७
कमल देवी मानन्धर
दल्लु आवास, काठमाडौं
रु. १००५।-



Downloaded from http://www.dhamma.digital

# मरणानुस्मृतिः एक सुगतिपरायण मार्ग

■ पूर्णमान महर्जन

यस ब्रह्माण्डमा कुनै पनि कुरा स्थिर छैन । यहाँ उत्पन्न हुने प्राणी अप्राणी सबै समयको अन्तराल सँगसँगै विनाश भएर जाने प्रकृतिको स्वभाव पाइन्छ । त्यसैले अनित्य संसारमा मृत्यु परम सत्य हो । यो अवश्यंभावी घटना हो । हामी जन्मलाई टार्न सक्छौं, तर मरणलाई टार्न सक्दैनौं । ज्ञानको अभावले मानिसमाथि आउने विपत्तिहरू मध्ये मरणलाई सबैभन्दा भंयकर विपत्तिको रूपमा लिइन्छ । वास्तविक रूपमा जन्म र मरण एक अर्काका परिपूरक हुन् । मरण जीवनको एक अभिन्न अंग हो । यसलाई जान्ने र स्वागत गर्ने कलाको विकास गर्नु पर्दछ । किनभने वास्तविक रूपमा मानिसको सारा आरोग्यता रोग नआए सम्म हो, सारा जवान बुढयौली नआएसम्म हो सारा जीवन मृत्यु/मरण नआए सम्म हो । अनि आफूले सञ्चय गरेको कर्म फल वाहेक सार कुराहरू छाडेर जानु पर्दछ । यसको साथै जसरी च्याउ उम्रिएर आउँदा धूलोसहित माथि आउँछ, त्यसरी नै जे हामी मानिस लगायत सबै प्राणीहरू जरामरणलाई लिएर उत्पन्न हुन्छन् र पर्वतको टुप्पोदेखि खसेको शिलासमान छिन्नभिन्न हुन्छ । जसरी उदय भएको सूर्य अस्ततर्फ जान्छ, अनि जसरी कुम्हालेले बनाएको सानो, ठूलो र पाकेको, काँचो माटाका सबै भाँडा फुटेर नाश हुन्छन्, त्यसरी नै प्राणी अप्राणी समयसंग हातेमालो गर्दै बिनाशलाई अंकमाल गर्न पुग्दछन् । शान्तिका प्रवर्तक भगवान बुद्ध, जस्ले असंख्य जन्मौंजन्मसम्म कुशल कार्य सम्पादन गरी दशपारमिता पूर्ण गर्नुभयो र वोधिसत्व हुनुभयो, ले त देह त्याग गर्नुपर्दछ र त्याग गर्नुभयो भने सूर्य उदाउँदा घाँसको टुप्पामा परेको शीतको थोपा समानको हाम्रो जीवनको के कुरा ? । र यो नित्य खतम हुँदैछ भन्ने कुरा स्मृतिमा राख्नु पर्दछ । त्यसैले

**"अधुवं मे जिवितं, धुवं मे मरणं**
**अवस्सं मया मरितब्बं, मरण परियोसानं मे जीवितं**
**जीवितं मे अनियतं, मरणं मे नियतं ।"**

अर्थात्– म बाँचीरहनु नित्य होइन, मृत्यु नै नित्य हो । म अवश्य मर्नु पर्दछ, म बाँचीरहनु अन्तमा मृत्युको लागि हो । म बाँचीरहनु अनिश्चित छ, मेरो मृत्यु निश्चित छ । यस सम्बन्धमा पेशकारी कन्याको उपमालाई नजर राखौं । एकदिन आलवी नगरको अग्गालवमा भगवान बुद्धले मरणानुस्मृतिको धर्मदेशना गर्नु भएको बेला भर्खर १६ बर्षकी पेशकारी कन्याले सुनेर मरणानुस्मृतिको भावना तत्पश्चात ३ वर्षसम्म नित्यरूपमा राखिरहेको कुरा भगवान् बुद्धले थाहा पाउनु भै जेतवनबाट अग्गालव चैत्य नामक विहारमा पुग्नु भएर सो कन्या एवं अरू उपस्थित सबैलाई धर्मदेशना गर्ने क्रममा भगवानले उनलाई ४ वटा प्रश्नहरू राख्नु भयो–

१. "हे कन्या ! तिमी कहाँबाट आएकी ?
उ. भन्ते ! मलाई थाहा छैन ।"
२. "कन्या ! तिमी कहाँ जान लागेकी ?
उ. भन्ते ! मलाई थाहा छैन ।"
३. "कन्या ! के तिमीलाई थाहा छ ?
उ. भन्ते ! मलाई थाहा छ ।"
४. "कन्या ! तिमीलाई थाहा छ र ?
उ. भन्ते ! मलाई थाहा छैन ।"

यस प्रकारको उत्तर त्यहाँ उपस्थित धरै जसोले नबुझेपछि पेशकारी कन्यालाई उपहास गर्न थाल्यो र पछि भगवान बुद्धले उनैलाई स्पष्ट गर्न आज्ञा गर्नु भयो । तत्पश्चात् पेशकारी कन्याले भनिन्– "भन्ते ! तिमी कहाँबाट आएकी भन्ने पहिलो प्रश्न मेरो पूर्व जन्म कहाँ हो ? भन्ने जस्तो लागेर मलाई थाहा छैन भनेर विन्ति गरेकी हुँ । दोश्रो प्रश्न मरेपछि कहाँ जाने हो ? भन्ने लागेर मलाई थाहा छैन भनेर विन्ति गरेकी हूँ । तेस्रो प्रश्न मर्नु पर्छ भन्ने कुरा थाहा छ ? भन्ने लागेर मलाई थाहा छैन भनी विन्ति गरेकी हुँ ।" अनि चौथो प्रश्न कहाँ के भएर मर्नुपर्छ भन्ने लागेर मलाई थाहा छैन भनी बिन्ती गरेकी हुँ । सबै प्रश्नहरूको सही अर्थ थाहा पाई सहीसही उत्तर दिएकी हुनाले भगवान बुद्धले उनलाई साधु ! साधु ! साधु व्यक्त गरेर जो सँग प्रज्ञा चक्षु हुँदैन उनीहरू अन्धा समान हुन्छन् भन्ने कुरा निम्न गाथाद्वारा धर्मदेशना गर्नु भयो–

**"अन्धभूतो अयं लोको तनुकेत्थ विपस्सति**
**सकुन्तो जालमुत्तो' व अप्पो सग्गाय गच्छति"**

अर्थात्– यो संसार अन्धो छ, आँखा हुने मानिस थोरै मात्र छन् । जालबाट मुक्त हुने चराहरू जस्तै थोरैमात्र स्वर्ग जान्छन् । धर्मदेशनाको अन्त्यमा नित्य मरणानुस्मृतिको भावनाको फलस्वरूप पेशकारी कन्यालाई श्रोतापत्तिफल प्राप्त भयो र त्यसैदिन उनको आकस्मिक मृत्यु भयो ।

अन्तमा मरण अनुस्मरण वारम्वार नित्य रूपमा गर्नाको अप्रमादी भै चित्त एकाग्रको साथै ध्यानाङ्ग उत्पन्न हुन्छ । सबै संस्कार दुःख, अनित्य र अनात्म हो भन्ने कुरा क्रमशः पलाएर आउँछ भने बेहोशी नभई शान्त र स्थिर भएर मृत्यु हुन्छ । यस जन्ममा मोक्ष/मुक्ति प्राप्त नभएतापनि मर्दा सुगतिपरायण हुन्छ । त्यसैले मरणानुस्मृति शरीर, बचन र मनद्वारा गरिने सम्पूर्ण अकुशल कर्मबाट बचाउँने र सुगति प्राप्तिमा सहयोग पुऱ्याउँने एक स्व-कल्याण मार्ग हो । ■

भवतु सब्ब मंगलं ।

# बुद्ध जयन्तीको यात्रामा लहरिन्दै जाँदा

■ भिक्षु गौतम 'शिशिर'

२५५३ औं बुद्धजयन्तीको उपलक्ष्यमा बुद्धजयन्ती समारोह समितिबाट, मलाई झापामा मगर समाजले गरेको आग्रहपूर्ण जानकारी प्राप्त भयो । के खोज्छस् कानो ? आँखो ! धेरै पहिले देखि पूर्व झापा घुम्न र डुल्न मन थियो नै त्यसमाथी बुद्धजयन्तीको बौद्ध कार्यक्रमको आकर्षणले अर्को हौसला प्रदान गऱ्यो ।

माइधार ८ सतासी धाम मेची अञ्चल झापा जिल्लाका मगर समाजका पहिलो पूर्वका यशोधरविहार र हेछन । त्यहि नव विहार मा बुद्धजयन्तीको उपलक्ष्यमा बुद्ध पूजा ध्यान शिविर अनि पठन पाठन जस्ता कार्यक्रम बनाइएको रहेछन । त्यहि विहारमा बुद्धजयन्ती मनाउन जाने निधो भयो । पूर्वमा ऐतिहासिक रूपमै पहिलो पटक मगर समाजमा थेरवादी परम्परा अनुसारको कार्यक्रम र हेछन । बुद्धजयन्तीको यात्राका लहरमा लहरिन्दै जाँदा मेरो मनको भावना क्षितिजपारी अल्मलि रहेको भावुक मनलाई धागोवाट छिनेको चंगा झैं हुन पुगेछु । काठमान्डौको एरअपोर्ट सम्म टयाक्सीमा चढेर गएँ ठिक बिहानको १० बजे एअरपोर्ट वाट हवाइजहाज "बुद्धएअर" आ रमाउदैं चढैं । केहिछिन मै आकाशमा हवाइजहाज उँडान भयो । हवाइजहाजको त्यो सानासाना झ्यालबाट तल जमिन छोडेको हेरिरहैं ।

धेरै माथी आकाशवाट तल जमीनमा हेर्दा घरहरू गाडीहरू साना साना कमिला जस्तो देखिन्थ्यो । एकैकिसिमको रमाईलो थियो जमिनको, बाटो, खोला, पाखापखेरा, हिमाल पहाड, र क्षितिज पनि हवाइजहाजको झ्यालवाट देखिन्थ्यो । त्यो रमाईलो हेर्दा हेर्दै ४० मिनेटमा मेची अञ्चल झापा जिल्लाको भद्रपूरको एअरपोर्ट पुऱ्याई दियो । भद्रपूर पुगेपछि म हवाइजहाज वाट ओर्लिएर झापाको चारैतिरको भुभागमा मेरो आँखा दौडाउँन थाले । गाडीमा चढेर सतासी धाम माइधार पुग्दा म भावविभोर भएँ । सतासी धाम हिन्दुहरूको ठूलो तीर्थस्थल रहेछन् । त्यहि ठाउँमा सवै जातीहरूको मठ मन्दिरहरू रहेछन् । त्यसैको आसपासमा गुरूङ्ग, तामाङ्ग, मगर, नेवार, सम्पूर्ण जातीका मन्दिर, गुम्बा, विहारहरू विचमा मगर समाजको यशोधरा बौद्ध विहार निर्माण गरेका रहेछन् त्यहि विहारमा पुग्दा बुद्ध पूर्णिमाको लागी मगर समाजमा चहलपहल देखेर म दङ्ग भएँ । जंगवहादुर लुङ्गेल्ली मगर "वापा" ले बुद्धजयन्ती समारोह समितिलाई आग्रहपूर्ण जानकारी दिएर निमन्त्रणा गर्नु भएकोले झापा जिल्लामा पुग्ने अवशर पाएँ । मगर समाज मेरो दृष्टिमा पहिलो पटक बौद्ध मार्गी रहेछन भनी थाहा पाएँ । मगरहरू एक जुट भई जोश जाँगरका साथमा बुद्धजयन्ती मनाउनको लागी हातेमालो गर्दै रहेछन् विहार पनि मगर समाजले स्थापना गरेका देख्न पाउँदा गौरव लाग्यो ।

कार्यक्रम यसप्रकार बनाएका रहेछन् । बुद्धपूर्णिमाको अवशर पारेर २०६६ वैशाख २४ गते देखी २६ गते सम्म ३ दिने मगर यूवा देखी वुढा पाकाहरूलाई ऐतिहासिक अल्पकालिन दुर्लभ श्रामणेर प्रवज्या एवं ध्यान भावना शिविर सम्पन्न गरिएको थियो । त्यहाँ दमक देखी धुलाबारी विर्तामोड सम्मको मगर बौद्ध मैत्री संघका बौद्ध उपासक उपासिकाहरू सहभागी भएका थिए । त्यहि मगर समाजको झापा जिल्लाको यशोधरा विहार केन्द्र, सेन्टरमा, रहेछन् ।

मगर समाजले बुद्ध शिक्षाको अध्ययन गर्ने उद्देश्य लिएको जानकारी पाएँ । बौद्ध धर्ममा श्रद्धा उत्पन्न गरेको देख्दा मनमा एककिसिमको हर्ष ज्योति प्रस्फुरण हुँदै थियो । सतासी धाम माइधार अति सुन्दर मनमोहक रहेछन् । मगर समाजले बुद्ध धर्मको विहार वनाएर बुद्धको कल्याणकारी सन्देश फैलाउँदै पूर्वी झापालाई बुद्धधर्मको एक सुत्रमा बाँध्न सघाउने छ भन्ने लाग्यो । मेरो मनमा लहरहरू उर्लि रहेकोले त्यो तराई मदेशको ठाँउ बैशाखको खडेरी प्रचण्ड गर्मी भएपनि विभोर हुदैं गएँ ।

मगर समाजले पनि बुद्धधर्ममा निहित विभिन्न आयामलाई समन्वय गरी विकाश गर्ने लक्ष्य राखिएको छ । २६ गते बुद्धजयन्ती पदयात्रा पश्चात् यशोधरा बौद्ध विहार उद्घाटन भयो । त्यसपछि मगर संस्कृतिक कार्यक्रम ज्ञानमाला भजन र बुद्ध पूजाको आयोजना भयो । श्रद्धा-आदर अनुकरणीय एवं उदाहरणीय थियो । मेरो मनमा सदावहार रहनेछ । स्मरण गर्दै हार्दिक कृतज्ञता ज्ञापन



Downloaded from http://www.dhamma.digital

गर्दछु । कार्यक्रम समाप्ति पछि विहार संरक्षण समितिका पदाधिकारी संग विदावारी भई झापा, दमक १३ वस्ने रमेश थापा मगरको घर तिर संगै गाडीमां बसेर आएँ । र जहाँ विश्व शान्तिको प्रवर्तक एसियाका ज्योति तथा नेपालका गौरब बुद्ध विहार निमार्ण गरेकोमा झापाका मगर समाजलाई साधुवाद छ । दमक शहर बजार गाउँ रमेश दाईको छोराले घुमाई दिनु भयो । यात्राकै अन्त्यतिर २७ गते विहान रमेश दाईको छोरा संग साथ लागेर दमक बेलडाँगी भुटानी शरणार्थी शिविर स्थित एक लाख पचास हजार मान्छेहरू वस्ने साना साना कुटी झुपडीमा टहराहरूमा घुम्न गएँ त्यहाँको शरणार्थी समाजले पनि बुद्ध विहार गुम्बा बनाएका रहेछन् । त्यहि विहार गुम्बामा घुम्दै पुगें शरणार्थी बौद्ध महिला संघका उपासक उपासिकाहरू धमाधम भेट्न आउन थाल्यो ।

भुटान देशको पिडा नेपालमा विसाउने कथा । भुतान छोडेर हिंड्दाको विजोग हुन्छन् । गन्तब्यहीन उद्देश्यहीन शरणार्थी जीवनयात्रा संग छताछुल्ल भएको निष्ठुरी समय संगै यताउता कता कता भौंतारिन्दै बुद्ध भगवान जन्म भएको भूमि नेपाल आमाको शरणमा आइपुग्छन् शरणार्थी भएर बिरक्तिएको जीवनमा जान्नुपर्छ बुझ्नुपर्छ । राग, द्वेष, मोहलाई त्यागी शरणार्थी जीवन परिणत भयो । वास्तवमा अनित्य यस्तो हुदोंरहेछन् । दु:ख पछि सुख सुख पछि दु:ख उत्पति हुने विनास हुने जुन स्वाभाव धर्म छन् । त्यसलाई नजानिकन नवुझिकन सयवर्षे बाँचौ न त्यसको अर्थ रहन्न । अहिले शरणार्थी समाजको जीवन बुद्ध जन्म भएको देशमा मन शान्त भइरहेको कुरा सुन्दा गौरब लाग्यो । नेपाल आएको पनि १७/१८ वर्ष भएछ । वाध्यताले शरणार्थी हुन परेका नेपालको माया लाग्छ अव यहि माटोमा मर्ने भन्दा त्यस्तै त्यस्तै कथाहरू सुन्दा सुन्दै २ घण्टा थाहै नपाई वित्यो । मेरो भावनामय मन मन्दिरमा लेखन सोचेर राखें । ३१ गते काठमाण्डौ सकुशल आईपुगें । १० दिने धम्मयात्रा पछि विहारमा आइ पुगें रमाईलो अनुभव भयो । बुद्धजयन्ती यात्राको लहरमा... ■

अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।
उपज्जित्वा निरुज्झन्ति तेसं वूप समोसुखो ॥



जन्म मितिः
वि.सं. १९७६ शिवरात्री

दिवंगत मितिः
वि.सं. २०६६ ज्येष्ठ १० गते

## दिवंगत सत्यनारायण मानन्धर, वटु

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य सत्यनारायण मानन्धर ९० वर्षको उमेरमा दिवंगत हुनु भएकोले उहाँको परिवारजनमा पुग्न गएको दु:ख पूर्ण क्षतिलाई उहाँहरूले संसारको अनित्य स्वभावको रूपमा बुझी धैर्य धारण गर्न सकुन् भनी कामना गर्दै दिवंगत उपासकको पूण्य स्मृतिमा मैत्रीपूर्ण पूण्यानुमोदन गर्दछौं ।

**धर्मकीर्ति पत्रिका परिवार**

**धर्मकीर्ति विहार**

श्रीघः नःघः, काठमाडौं, नेपाल

# देश विकासया लागिं बुद्ध शिक्षा

■ शिशिल चित्रकार

थौं देय् गणतन्त्र लोकतन्त्रया नामं न्हूगु नेपाः निर्माणया लँपुइ कसरत यानाच्वंगु अवस्था खः । देय्या राजनैतिक परिवर्तन लिसें सामाजिक सांस्कृतिक परिवर्तन देय्या आम मनूतय्गु आर्थिक सामाजिक, शैक्षिक, वैचारिक परिवर्तन हय्फुसा जक धार्थेया परिवर्तन जूगु धायेमाली मखुसा खालि राजनैतिक व्यवस्थाया जक परिवर्तन जू वनी ।

थौं गणतन्त्र नेपाःमितय् आर्थिक, सामाजिक, शैक्षिक अवस्था बांलाकेया निंति गज्याःगु नीति आवश्यकता दु ? धार्थे धायेगु खःसा व्यक्तिया नैतिकता, चरित्र बांलाकेगु शिक्षा नीति नाला कायेमाः गुकिं देय्या निंतिं माःगु सक्षम व दक्ष जनशक्ति तयार याइ । सक्षम, चरित्रवान, नैतिकवान, उद्योगी आदि गुणं जाःपिं मनू तयार मयासे खालि भाषणबाजी व थःगु गल्ती जक उला जुइपिं तयार जुया वल धाःसा उमिसं समाजयात भिंकेगु लँपुइ यंके फइ मखु । गुगुं नं राजनैतिक व्यवस्था दक्वसियां गल्ती त्वपुयाः दे व समाज भिंकेगु वा विकासया लँपुइ यंके फइ मखु । देय् व समाज भिंकेत भिंपिं मनू, भिंगु ज्या याइगु जनमत आवश्यक दु । तर भीथाय् भिंपिं मनू तयार यायेया लागिं गज्याःगु योजना, कार्यक्रम व नीति दु ?

म्हिगःया व्यवस्थाय् ला थज्याःगु नीतिया अभाव दुगु प्रष्ट हे दु, आःया गणतन्त्र नेपालय् नं आः तक थ्व नीति प्रष्ट मदुनि । गणतन्त्र नेपाः धर्म निरपेक्ष खःसां थ्वं बुद्ध धर्म, बुद्ध शिक्षाया नीति नालेगु कुतः याःगु खने मदु । थौं देय् धर्म निरपेक्ष कथं धाये न्ह्याः वने फु कि मफु ? थौं देशय् हानं हिन्दू राष्ट्र घोषणाया माग जुयाच्वंगु दु । देशं गुगुं छगू जक धर्मया पँ ली जिउ ला ? न्हापा देशया अवस्था उकिं यानाःहे बांमलाः,थुकिया विश्लेषण यायेमाः कि म्वाः ? अझ मेगु कथं धायेगु खःसा थौं धर्म निरपेक्ष धाःसां सरकारी ज्याकुथीमोहनि, लक्ष्मीपुजा, विश्वकर्मा पुजाया नामय् खर्च यायेगु परम्परा दनि । थ्व राज्यं अझ नं छगू जक धर्मया पँ लिनाच्वंगु खः लाकि मखु ? भगवान् गौतम बुद्धया शिक्षा, नीति थौंयागु अशान्ति, अराजक, भयावह स्थितिइ विश्व हे आवश्यक खंकाच्वंगु दु । तर स्वयं भगवान् गौतम बुद्ध बूगु नेपाले थुकियात वेवास्ताहे यानाच्वंगु खने दु । गौतम बुद्धया पालय् स्वयं बुद्ध बज्जी गणराज्यया गणतन्त्र-यात च्वछायादीगु खःसा उकियात ल्यंका तयेत यायेमाःगु कर्म, कर्तव्य नं कनाबिज्याःगु खः । थौं नेपाः गणतान्त्रिक जुल धायेवं तुं अज्याःगु गुणधर्म मदुसा-देश भिंगु लँपुइ वनी मखु ।

भगवान बुद्धं राजनीतिक मूनुतयके दयेमाःगु न्ह्यगु गुणधर्म कनाबिज्याःगु दु–

१) थवंथः मुनाः मंकाः निर्णय यायेगु,
२) यानागु निर्णय कर्त्तव्य थें छधी जुयाः पूरा यायेगु,
३) कानून व नीतिया पालन यायेगु,
४) बृद्धजनयात आदर यायेगु,
५) मिस्तय्त जवर्जस्ती मयायेगु,
६) जातीय धर्मया पालन यायेगु,
७) धर्माचार्यपिनि सत्कार यायेगु,

(साभार : प्रकाश वज्राचार्य, बौद्ध दर्पण, प्रकाशक बुद्ध जयन्ती समारोह समिति, आनन्दकुटी विहार व धर्मकीर्ति प्रकाशन, धर्मकीर्ति विहार, काठमाण्डौ)

थौं देशय् जनताया अवस्था बाँलाकेया निंतिं राजनीतिककर्मी, आम नागरिकतयगु दक्षता बृद्धि यायेमाःगु आवश्यकता दु । अथे मजुसे देशय् वःगु न्हूगु व्यवस्थां जक देय्या अवस्थाय् हिउपाः वइ मखु । च्वय् न्ह्यथनागु गुणधर्म राजनीतिककर्मीतय्के मदयेक मगाःसा अज्याःगु गुणधर्म दुपिं, नीति पालन याइपिं मनूतय्गु बाहुल्यता नं देशय् मदयेक मगाः ।

थौं बुद्ध जन्मभूमि नेपाः बुद्धया महान शिक्षापाखें वंचित जुयाः, समाजय् नैतिकवान, गुणवान मनू तयार यायेत माःगु नैतिक शिक्षा मबिसे देय् व समाज विकासया कल्पना जक यायेगु अले देय्या अवस्था नाजुक धकाः हाला जक च्वनां गय् यानाः समस्या ज्वनी ? थौं भीगु देय्या अवस्था बांमलाःगु धइगु खालि राजनीतिकर्मीतयगु गुणधर्म बांमलाःगुलिं खः, अय्सां तबि नेपाःमित राजनीतिक व्यवस्था पाखे हे जक अप्वः आशाकुति जुयाच्वन । राजनीतिकर्मी धइपिं नं समाजया न्हाय् हें खः, उपिं नं थ्वहे समाजं वःपिं खः । समाजय् भिंपिं मनू अप्वः दुसा जक राजनीतिकर्मी जुइमा वा आम नागरिक, सकसिकें भिंगु कर्म यायेगु गुणधर्म बिलिबिल जायेमाःगु दु । खालि राजनीतिक व्यवस्थां जक हे फुक्कं पूवंकीगु मखु । थौं देय् व समाजया अवस्था बांमलाःगु धइगु खःसा थुकिया जिम्मेवारी भीगु नं खः ।

थन धम्मपदया निगू श्लोक तयेगु पायछि जुइः

**चरं चे ना धिगच्छेय्य सेय्यं सदिसमत्तनो ।**
**एकचरियं दल्हं 'कयिरा-नत्थि' बाले सहायता ॥**

(फछिं फत्तले थःस्वयां उत्तमपिनिगु सतसंगत यायेगु अथवा थः समानपिंनाप सत-संगत यायेगु, थुज्वःपिं मदु धकाः बाल मूर्खतय्गु संगत यायेगु स्वयां दृढतापूर्वक याकःचा हे विचरण यायेगु उत्तम ।)

**दीघा जागरतो रत्तिं दीघं सन्तस्स योजनं ।**
**दिघो बालानं संसारो सद्धम्मं अविजानतं ॥**

(न्ह्यः मवः म्हेसित चा ताःहाकः जुइ, त्यानुम्हेसित छगू योजन लँ नं तापाःगु थे जुइ, व थें तुं सद्धर्म मसिउपिं मूर्खतय्त संसार ताःहाकःजुइ ।)

धम्मपदया थ्व निगू श्लोक लुमंकेबलय् हे नं भीसं ईया मू थुइकाः धर्म पालन यायेमांगु दुसा देय् व समाज बर्बाद जुयाच्वंगुया हुनि राजनीति धइगु खःसा उकी जक आशक्ति मजुसे समाजया न्ह्यागु थ्यलय् नं भिंपिं, धर्मवान्, नैतिकवान मनूतय्गु जनमत तयार यायेगु हे भविष्यया देय् व समाज विकासया मू आधार जूवनी । थुकियां लागि बुद्ध शिक्षा, वचन, अनुशासन पालन यायेगु, कःतःयात स्यनेगु थौंया आवश्यकता खः । शान्तिया महानायक, गणतन्त्रया प्रशंसक वसपोल भगवान् बुद्धया शिक्षायात गणतन्त्र नेपाल धार्थे शिक्षाया थ्यलय् नाला काये फइ, धार्मिक जातीय भेदभाव मदय्केगु मानसिक, वैचारिक हिउपाः सरकारी पक्षयाके वइ धइगु मनंतुसे दक्व नेपामिया सुख शान्ति जुइमा धकाः कामना याये ।

सकलें प्राणीया भिं जुइमा !





Downloaded from http://www.dhamma.digital

# उपसम्पदा भिक्षु जीवन छगू अनुभव

■ अमृतमान शाक्य भिक्षु (इतुँबाहा:)

म्हासूगु चीवर पुना: भिक्षु जुइगु इच्छा जुया च्वंगु त: दँहे दये धुंकल भिक्षु जुइगु मौकानं निक्व: स्वक्व: हे वय धुँकल । माँ बौ याकें वचं क्या: भिक्षु जुईमा: धागु हुनि पुवंके मफत । माँ बौ याके बचं कायें मफयवं जिगु ई थातं लात । थुपाले भिक्षु याकीगु धा:गु खँ न्यना पासा सिद्धिरत्न शाक्य जु नाप सहलह व्याका: वयानं भिक्षु जुइगु इच्छा खनि । जि विश्व शान्ति विहारय् वना: निग्रोध भन्ते याके निपा: फारम कया हया: निम्ह सिनं भरेयाना । जिं हे बुझेयावना । भिक्षु जुइगु बारे खँत न्यना वया छेँ तिरीमयूजु नाप सहलह ब्याका । मयूजुं पत्यामया माँ नाप सहलह ब्याका माँनंला झनहे पत्यामया: । भिक्षु जुई धागु गुलि दय धुँकल जित हायक: वयाला धाल । तिरिमयूजु व माँ नं पत्या मयासेंलि जिं थहे तयारीला जुईहे धुन । जब दिं त्यल, विहारे फोन वल उपस्थित जुवना निम्हं । अन वपिला त:म्ह: हे म्हस्यूपिं दुगु जुया च्वन जित:ला न्हयइपुसे च्वना वल । निग्रोध भन्ते जूं भिक्षु जुईपिनिगु म्हसिका बिया विज्यात । अनंलि बोधिज्ञान भन्ते जुंला उपसम्पन्न ज्याझ्वया: संयोजक जुया: उपसम्पन्नया वारे खँत ध्वाथुइका विज्यात । ज्ञानपूर्णिक भन्तेजुं भिक्षु जुइत मा:गु मू:खँ कनालि संघकार्य विधि नांगु सफू सकेसितं विल । उकिच्वंगु श्रामणेर प्रवज्या विधि ब्वंकल ब्वनावाधका: सफू वियाहल । आनन्दकुती विहारय् वरोवर वना च्वनाम्ह जुया: कुमार भन्ते यात भिक्षु जुवने त्यनाधका: खँ छुना । भन्तेला लयूताया विज्यात । जब चैत्रया २१ गते विश्वशान्ति विहारय् थ:त मागु लासाफांगा त:वनेमा:गु जुया तिरिमयूजुयात मिलेयाका नापं ब्वनायंका विहार छगुलिं हे भ:भ: मभ: धायका तयातल थ:गन कोथाय् च्वनेगु धैगु मसिया: पदुम भन्ते नापलाना: बोधिज्ञान भन्ते नापलाना थ: च्वनेगु कोथाय म्हसिका: लासाफांगा मिले याना । पासा: सिद्धिरत्न व जि निम्ह:निखें लात उमेर अनुसार छसिनिसें मिले याना त:गु जुया कोठा अलग जुल । तिरीमयूजु जि:खना: अजूचाल । ब्या:यागु धका: च्वनांला धायेंहे धागु जुया च्वन धाल जिपिं स्वम्हं लिहांवया कन्हें कुन्हु चैत्र २२ गते मू:दिं हेजुल छयें हे जानया: पासा सिद्धिरत्न व जि निम्ह विहारे वना । अनला आपालंहे मनूत मुना च्वने धुंकल । भिक्षु जुइपिनि सँ खाना तये धुंकल जिपिं निम्हं संखावना । भन्तेपिन्स सं खाका च्वन ।

सुशील भन्ते जुं जिपिं निम्हसितं संखाकल । सफायाना खतं तुयु कापतं न्यया:इवले च्वंवना । जब ईत्यल, भिक्षु जुइपिंसकलें छसिंनिसें मञ्चय् बिज्याई धका: निग्रोध भन्तेजुं धया बिज्यात । सकलें इव:लिं वना: थ:थ:गु थासे च्वनेगु जुल । गुलपा: या दयोनं चीवर तयातगु दु, व स्वस्वँ जिला मन मनं जिगु त:दँयागु इच्छा पूवंकेगुजुल धका: मन लयूतायका च्वना । भन्तेपिं सकलें विज्यात थ:थ:गु थासें च्वना विज्यासेलिं निग्रोध भन्ते जुं ज्याझ्व: न्ह्याका बिज्यात ।

उपाध्याय् गुरु कुमार काश्यप भन्ते, अश्वघोष भन्ते, ज्ञानपूर्णिक भन्ते, पाहाँ भन्तेपिं श्रीलंका, वर्मा, थाइलैण्डया भन्तेपिं व मेमेपिं भन्तेपिं थ:थ:गु थासे च्वना बिज्यात । ग्वाहालीमि भन्तेपिंनं तमतयार जुया च्वन । विहार छगुलिं म्व:म्व: मनूत दु । फुक्कं थथ:गु थासे च्वना च्वन । ज्याझ्व:न्ह्यात दकले न्हापां पञ्चशील प्रार्थना जुल । अनंलि ज्ञानपूर्णिक भन्ते जुं धा:धार्थे धयाहिंधका: धया विज्यात । दकले थाकुलिम्ह:सित उपाध्याय गुरु कुमार भन्तेजूं सिरविन्दुया सँछकुन्हा ल्यंदनिगु चाना बिज्यात चाना च्वनिवले धायूगु वाक्य सकसिनं ज्ञानपूर्णिक भन्तेजुं धाधार्थे धयायंकल । ग्वाहालीमिं भन्तेपिसं नं सकेसितं ब्लेडंबाकि दंनिगु सँ पाचुक चावाविल । थुलि धुनेवं ल:हायूगु वाक्य, चीवर ल:ल्हाना कायेगु वाक्य ब्वनालि सकेसिनं चीवर ज्वना: धम्महलय् दुहाँवना । ग्वहालीमिं भन्तेपिनिगु ग्वहाली क्या: चीवर पुनेगु जुल । जित: राहुल भन्तेजुं चीवर पुनेत ग्वाहालि याना विज्यात । चीवर पुने सिधयवं गुरु याके प्रव्रज्या याचनायाये धुनेवं त्रिशरण सहित झिता श्रामणेर शील धर्म यात फ्वना च्वना धका: अनुकम्पा पूर्वक शील कायेगु नं जुल । श्रामणेर यायेगु सकतां ज्या पुवने धुनेवं न्ह्रूपिं: भन्ते जुपिं सकलें तले धम्म हलय् विज्याय माल धका: निग्रोध भन्ते जुं धया बिज्यात । न्ह्र: भन्ते पिं सकलें झोलिं तलेया धम्म हलय् थ:थगु थासे च्वने धुनेवं निग्रोध भन्ते, बोधिज्ञान भन्ते, विमल भन्ते, उदयभद्र भन्ते, धिर सुमेध भन्ते, धम्मसोभन भन्ते, धम्मपाल भन्ते, ज्ञानपूर्णिक भन्ते, विदेशी भन्तेपिं कोटुगोड धम्मावास भन्ते, सितगु सयादो भन्ते, थाई भन्तेपिं सकले बिज्यासेंलि शील प्रार्थना जुल । भन्तेपिनि उपसम्पदाया ज्याझ्व: न्ह्याके न्ह्यो: छलफल यानालि ज्याझ्व न्ह्याका बिज्यात । छगू पुच:ले स्वम्ह सिया ल्याखँ गुम्हेसिया उपसम्पदा यायेगु सिधयूवं संघाति पाछायेकीगु जुल । अनंलि छम्ह भन्तेया पा: सिधगु जुई । थुकथं स्वम्ह भन्तेया पा: सिध:वले नि:न्हयम्हसिया पा: सिधल । बाँकी २३ म्हसियात छम्ह: भन्तेजुं उपसम्पदा याना बिज्यात । वसपोल भन्ते थाइलैण्ड याम्ह गुरु फ्राखु राज रतन रंसी (चक्खुन) भन्ते अनुशासन आचार्य धम्म सोभन भन्ते, मेम्हछम्ह थाई भन्ते पाखें थ्व च्वमियात उपसम्पन्न यागु जुल । उपसम्पन्न धुनेवं उपसम्पन्नया ज्याझ्व: सिधल । न्हापा सिध:पिं हलं पिहांवना च्वंपि सकलें धम्म हलय् दुकाल सकेसित पिण्ड पात्र ज्वंका: छसिनिसें इव:लाका विहारया कोथाय् भिक्षा फयकेगु ज्याझ्व:जुल । न्ह्र: भन्तेपिन्त भिक्षा विइ धका लिवाक तक्कहे उपासक उपासिकापिं पियाच्वंगु जुयाच्वन । भिक्षाविइगु ज्याझ्व: सिधयवं न्ह्र: भन्तेपिं थ:थगु कोथाय् वना भिक्षा फयागु तयालि क्वाल: त्वनेत इनाप या कथं सकलें इवलिं च्वना क्वा:ल: वर्माया च्या त्वनेगु ज्याजुल । वहनिसिया पायूछि गुता:या घण्टी न्यात । सकलें थ:थगु कोथाय् आराम का:वने जुल । जि च्वनेगु कोथाय् लापिं भन्ते पासापिं जिनापंयाना न्याम्ह जक दु । थवंथ: म्हसिका कालविल जुल । कन्हे कुन्हु न्हापनं दनेमागु जुया: सकलें देन । जित: न्ह्योमव: विपस्सना ध्यान यायां

गवयुति न्ह्योवल मचाल । कन्हे कुन्हु न्हापानं न्ह्योलं चाल घण्टीया सलं सुथसिया बुद्धपुजा यायेत धम्म हलय् सकलें न्हू:भन्तेपिं मुन । बोधिज्ञान भन्ते, निग्रोध भन्ते, विमल भन्ते, उदयभद्र भन्ते पिनं सकले मुने धुनेवं बुद्ध पुजा ध्यान भावना जुल । वयाँलिपा जलपानया लागिं घण्टी थानाहल । सकलें झोलिं च्वना: जलपान यायेत वना । जलपान दाता पिन्त आसिका विया: जक जलपान याना । जलपान धुनेव थ:थगु कोथाय् वना: कोथा पतिकं दैनिक ज्याझ्व:या बारे जुया च्वन । सुथेया प्यता:इलं निसें वहनी ९ ता:इतकया जुया च्वन । मेगु छगू बौद्ध प्रशिक्षण क्लासयाबारे जुयाच्वन । न्हिं पेक्व: काइगु उकिसं ध्यान भावना नं ला ।

बौद्ध प्रशिक्षणया लागि घण्टी थानाहल । सकलें भन्तेपिं विश्व शान्ति विहारया च्वयया तल्लाय च्वंगु धम्म हलय् मुनेगु जुल न्हापांगु क्लास जुगू हुनि बोधिज्ञान भन्ते, निग्रोध भन्ते, उदयभद्र भन्ते, विमल भन्तेपिंनं सकलें उपस्थित जुया बौद्ध प्रशिक्षण क्लासया बारे खँजुल । घण्टी थानाहल । सुथसिया मेगु ज्याझ्व: धैगु संगायना पाठ, धर्म देशना लुमंन्तिपौ, ज्ञानपूर्णिक भन्तेया जीवनी सिडी चक्काया उलेज्या थी:थी: बौद्ध संघसंस्था पाखें व राजदूतपिनिपाखें उपहार देछा ज्या सिधयवं भोजनया ई जुल । भोजन धुनेवं छुं: भचा आराम काये धुनेवं चंक्रमण ध्यान भावना यायेगु जुल । थुगु चंक्रमण ध्यान भावना धैगु महासि सयादो गुरु पाखें स्यनाबिज्यागु या ध्यान भावना जुया च्वन । थ्व: ध्यान भावना दना, पलाछिना यायेगु जुया च्वन । चंक्रमण ध्यान भावना यायेगु सुअवसर प्राप्त जुल । थुकथंहे न्ह्यनुतक्क बौद्ध प्रशिक्षण क्लासयनं अध्ययन यायेगु सुअवसर प्राप्त जुल ।

बौद्ध प्रशिक्षण क्लास कया बिज्यापिं दोगुणवती गुरुमां, ज्ञानपूर्णिक भन्ते, श्रीलंकायाम्ह गुरु कोटूगोड धम्मावास भन्ते, वर्मायाम्ह भन्ते सितगु सयादो भन्ते, थाइलैण्डया भन्ते, कोण्डन्य भन्ते, सुशिल भन्ते, धर्मगुप्त भन्ते, फ्राखु धम्मपाल भन्ते, संघर क्षित भन्ते, प्रियदशि भन्ते, बोधिज्ञान भन्ते सरणंकर भन्ते, भद्दिय भन्ते, विमलो भन्ते, ञाणवति गुरुमां, अग्गञाणी गुरुमां, अमिता धाख्वा, जुपिसं अतिकं न्हैपुक बौद्ध धर्मया विषयस दुग्यंक न्यनेयैपुक क्लास कया बिज्यात । थज्यागु न्ह्यइपुगु क्लासया लागि ईमगागु सकसिनं महसूस या:गु दु । नेवा:तय् दथुई गैरनेवा:त निम्ह पेम्ह: सिगु लागि नेपाली भाषं हे क्लास कायेमागु बाध्यतानं भन्तेपिन्त जुल । छगूला दो गुणवती वर्मिज खया:नं नेवा:तय् दथुई च्वनाच्वना बिज्यागु जुया नेवा:भाय् जक स: धका: नेवा: भाषं क्लासकया बिज्यात । अथेहे मेम्ह भन्ते धर्मगुप्त भन्ते जुनं चाइनिज भाय् व नेवा: भाय् जक स:धका नेवा: भाषं हे क्लास कया बिज्यात । गैर नेवा: तय् लागि विडम्वनाहे धाय्माल । छवायंकं हे बौद्ध प्रशिक्षण क्लास संगायना पाठ, संन्ध्याया इलय् थी:थी थाय्या ज्ञानमाला भजन, थी:थी: भन्ते पिनिपाखें धर्मदेशना अथेहे बहनी बुद्ध पुजा धुनेवं अमृतानन्द भन्ते ज्ञानपूर्णिक भन्तेया जीवनी डकुमेन्ट्री व ध्यानभावना, बुद्धजीवनी सम्वन्धी डकुमेन्ट्री स्वयागु जुल । बहनी क्वाल; वर्मिज च्यात्वनेगु विश्रामया वनेगु जुल । छ्वायंकं उपासक उपासिकापिं आपलं हे उपस्थितं जू । ज्ञानपूर्णिक भन्ते उपसम्पन्न जुया बिज्या:गु स्वर्ण दिवसया लसतायें सकसिनं त:जिक ग्वाहालि यायेगु मन । अन विहारे दानप्रदान यावैपिं छ्वायंकं हे दु । भिक्षु जुया भिक्षाकायेगु भिक्षा वनेगु सुअवसर दत खयतला मचावले इतुंवहालय् प्रव्रज्या यागु पेन्हुया भिक्षु जुया मां लिसें थ:थिति पिन्थाय् भिक्षा कावनागु थुथाय् लुमंके बहजु कर्मकाण्ड कथं प्रव्रज्या जूगु हुनि छुं सिंके सयकेगु सुअवसर मदु । थ:गु भाषं सिइका विहारे थेरवाद बुद्ध धर्म कथं भिक्षुहे जुइदत जिगु जीवनय् निक्व: भिक्षु जुइगु शुभअवसर दत धायमाल । झीपिं नेपा:मित जुया: गौतम बुद्धया अनुयायी जुयाथें जीवनय् फुसा आजीवन भिक्षु जुइगु । मफुसा अल्पकालीन भिक्षु जुइगु परम्परा न्हयाकेमा: । सिइका थुयकांजक मगा: भिक्षु जुया जीवन ता:लाक न्हयाकेगु लँपु ज्वने सयकेमा धैगु खँ नं सिइकेगु सुअवसर दत । विदेशी भन्ते पिनिगु प्रवचनया अनुवादक भन्तेपिसं न्हैपुक हे कना विज्यात । विदेशी भन्ते पिनं लयुता: । झिपिं नेपा:मित नं झमिगु खँ न्यनाय् ता:गु अनुभव यानागु दु । छवायंकं जुगू ज्याझ्व: मध्ये देश विदेशं वपिं पाहाँ पिनिगु उपस्थिति सेमिनार जुल । उसम्पन्न स्वर्ण दिवस त:जिक हनेत ग्वाहालि यापिन्त लुमन्ति चिं बिया: हनेज्यायागु जुल । चैत्र २९ गते आपलंहे बौद्ध उपासक उपासिकापिनि पाखे न्हू भन्ते पिं व मेपि भन्ते पिन्त दानप्रदान याय्गु जुल । दानयायेत झी उपासक उपासिकापिं ल्युने मलाधैगु सिइदु । चैत्र ३० गते प्रज्ञाभवन न्हिच्छियंकं थी:थी ज्याझ्व: दुगु जुया च्वन । सनिलय् राष्ट्रपति पाखें अभिनन्दन यायेगु मू: ज्याझ्व: जुल न्येम्ह भिक्षु पिनिपाखें नं ज्ञानपूर्णिक भन्तेजूयात लुमंन्ति चिं कथं भगवान बुद्धया मूर्ति देछायेगुज्या जुल । अज्यागु त:जिगु ज्याझ्व: दुगुलिं अल्पकालीन उपसम्पदा प्रव्रज्या स ब्वति कया: भिक्षु जुई दुगु अहोभाग्ये जुल । दकलय् लिपांगुदिं धयागु चैत्र ३० गते मू:दिंहे लानाच्वन खनि । ११३ बौद्ध संघ-संस्था खल:पुच: पाखें अभिनन्दन देछायेगु ज्याझ्व: जुयाच्वनी वकुन्हुहे दिनय् बहनी विश्वशान्ति विहारय् मैनमत च्याका न्हु: भिक्षुपिं सकलें छत्रालिं च्वना बुद्ध पुजा गाथा ब्वना दीपावली जुल । वयाँ कन्हे कुन्हु साविककथं बुद्ध पूजा, जलपान धुनेवं कोटेश्वरय् निगू विहार दर्शन भ्रमण जुल लिपा विहारया धम्महलय् सकलें न्हु: भिक्षुपिं मुनालिं ज्ञानपूर्णिक भन्ते, बोधिज्ञान भन्ते, निग्रोध भन्ते, उदयभद्र भन्ते, विमल भन्ते पिं सकलें उपस्थित जुइधुंकालि शील प्रार्थना लिपा चीवर तोतेगु वाक्य ब्वंका: चीवर त्वतेगु अनुमती विया बिज्यात । थुवले तत्काल चीवर त्व:तूपिं पीम्ह:ति दु । मेपिं झिम्हेसिनं लिपा त्वतेगु धका: चीवर मत्व:तू । न्याम्ह लुम्बिनी वना लिहाँवयाजक त्वते धापिं । न्याम्ह: अन्तराष्ट्रिय ध्यान भावनाय् छगू शिविरे च्वने दया जक चीवर त्वते धापिं दुगु जुयाच्वन । न्ययदँ उपसम्पन्न लुँवुधिं (दिवस) त:जिक जुल । सकलया भिंकामना कथं हे जुल । देशय् ब्वलंगु अशान्तिगु इलय् शान्तिया भिंज्याझ्व: सन्देश विदेशया सकल दातापिनिगु उपस्थिति ज्ञानपूर्णिक भन्तेया भिंजुइमा, निरोगी जुइमा । विघ्नवाधा हटे जुइमा धका सकल बौद्ध पिनि इच्छा कथं ज्याझ्व: क्वचाल ।

■



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार — गतिविधि

**विषय- एक पुद्‌गल वर्ग**

*२०६५ फागुण १७ गते*

*प्रवचक- मदन रत्न मानन्धर*

*प्रस्तुति- शान्ति शाक्य*

यसदिन एक पुद्‌गल वर्गको विषयमा प्रवचन दिनुहुँदै मदन रत्न मानन्धरले भन्नुभयो

भगवान बुद्ध स्वयम आफैले सर्वज्ञज्ञान प्राप्त गर्नुभई चतुआर्य सत्यलाई बुझ्नु भएको थियो । त्यसपछि उहाँले वहुजन हिताय वहुजन सुखायको लागि यस विषयमा धर्मदेशना गर्नु हुन्थ्यो । यस्तो धर्मदेशना गर्नुहुने व्यक्ति तथागत बुद्ध एकजना मात्र हुनुहुन्थ्यो । यो एक पुद्‌गल वर्ग एक निपात अन्तरगत १३ औं वर्गमा पर्दछ । यसमा १८ वटा सूत्रहरु छन् ।

भगवान् बुद्धले आफूले प्राप्त गर्नुभएको ज्ञान आफूमा मात्र सीमित नराखी मानव मात्रको कल्याणको लागि र जगत उद्धारको लागि बुद्ध शिक्षाको महत्त्व सम्झी त्यसलाई प्रादुर्भाव गर्नुभएको थियो ।

सम्पूर्ण विद्या र आचरणले सम्पन्न तिनै लोकको ज्ञाता भगवान बुद्ध देव र मनुष्यको गुरूको रूपमा चिनिनु हुन्छ । अद्वितीय गुण भएका भगवान बुद्धको महापरिनिर्वाण पश्चात् जन समूहमा शोकले छायो ।

**विषय- योग्य गुरू बुद्ध**

*२०६६ जेठ १ गते*

*स्थान- धर्मकीर्ति विहार*

*प्रवचक- भिक्षु अश्वघोष*

यसदिन श्रद्धेय भिक्षु अश्वघोष महास्थविरले योग्य गुरू भगवान बुद्ध विषयमा बोल्नुहुँदै भन्नुभयो–

"बुद्ध-उपदेश पहिला राम्ररी सुन्नुपर्छ, अनि मनमा धारण गर्नुपर्छ, अनि व्यवहारमा उतार्नुपर्छ । त्यतिले मात्र पुग्दैन आफ्नो चित्त परिशुद्ध पनि गर्नुपर्छ र साथै पुराना कुबानी, खराब विचार र कुसंस्कारलाई हटाउनु पर्छ । अनि मात्र हामी असल मानिस बन्न सक्नेछौं उहाँको विचार अनुसार पहिला आफूलाई तालिम गरिसकेपछि मात्र अरूलाई बोध गर्न सकिन्छ । शुद्ध हुने र अशुद्ध हुने आफ्नो हातमा हुन्छ । कसैले कसैलाई शुद्ध र अशुद्ध गर्न सक्दैन ।

भगवान बुद्धले किसा.गौतमीलाई मनोवैज्ञानिक तरिकाले बोध गर्नुभएको घटना सम्झन सक्छौं । तर हरेक घटना बाट यही बुझिन्छ, भगवान बुद्ध मार्ग दर्शक मात्र हुनुहुन्छ, हामी आफैले काम गर्नुपर्छ । भगवान बुद्धले चूलपन्थलाई सफा सेतो रूमाल एउटा दिनुभई बोध गर्नुभएको थियो । यसरी नै नारीहरूलाई भिक्षुणी बनाएर समान अधिकार दिनुभई समाज सुधार कार्य गर्नुभएको थियो । त्यतिमात्र होइन त्यागी भई चीवर धारण गरेर पनि आफूलाई गुण गरिसक्नु भएका आमा बुबालाई सेवा गर्न पाउने छूट दिनुभएको थियो । भगवान बुद्ध भन्नुहुन्छ–जुन कुरा अगाडि प्रस्तुत गर्दा त्यहाँ झैझगडा हुन्छ, त्यो कुरो सत्य कुरो भएपनि अगाडि ल्याउनु हुँदैन । जुन कुरोले आफ्नो र अरूको भलो गर्छ, त्यो कुरो सत्य नभएपनि धर्मानुकुल हुन्छ ।"

**विषय- असम्भव वर्ग**

**(एकक निपात, अंगुत्तर निकाय)**

*२०६६ जेठ १६ गते*

*प्रवचक- मदनरत्न मानन्धर*

यसदिन असम्भव वर्ग विषयमा प्रवचन गर्नु हुँदै मदन रत्न मानन्धरले भन्नुभयो–

असम्भव वर्गलाई पालि भाषामा "अट्ठान पालि" भनिन्छ । यसमा २८ वटा सूत्रहरू गाभिएका छन् । यी २८ वटा सूत्रहरूभित्र जति पनि विषय वस्तुहरू छन् तिनीहरूलाई स्वीकार वा आश्वीकार गर्न सम्भव वा असम्भव हुने मानिसहरूको दृष्टिकोण वा सोच (Vision) मा भर पर्दछ । दृष्टिकोण २ प्रकारका छन्–

(१) सम्यक दृष्टि (Right Vision)

(२) मिथ्या दृष्टि (Wrong Vision)

धर्म भनेकै प्रकृति हो । जसरी पानीको ओरालो झर्ने स्वभाव हुन्छ, त्यसरी नै मानिस वा प्राणी जन्मेपछि एकदिन मनुपर्ने उसको स्वभाव धर्म हो । यस स्वभाव धर्मलाई सम्यक दृष्टि भएका व्यक्तिहरूले स्वीकार नगर्नु असम्भव हो भने मिथ्या दृष्टि भएका पृथकजनहरूले यस सत्यलाई ठीक नठान्न सक्छ ।

सम्यक दृष्टि सहितका व्यक्तिहरूले अरहन्त



Downloaded from http://www.dhamma.digital

व्यक्तिलाई अपमान गर्ने शास्तालाई अविश्वास गर्ने असम्भव हुन्छ भने मिथ्या दृष्टि सहितका व्यक्तिले यसको ठीक विपरित कार्य गर्ने हुन्छ । यस संसारमा संस्कार लोक सत्त्वलोक र ओकास लोक गरी ३ वटा लोकहरू छन् भनी सत्यलाई बुझ्नु सम्भव छ । तर पृथकजनहरूले यसलाई ठीक तरिकाले नबुझ्न सक्दछन् ।

सम्यक दृष्टि सहितका व्यक्तिहरूले यस संसारमा चक्रवर्ति व्यक्ति एउटा मात्र हुन्छ भन्ने कुरालाई बुझ्न सम्भव हुनेछ भने मिथ्या दृष्टि सहितका व्यक्तिले यसलाई बुझ्न गाह्रो हुन्छ । यस्ता व्यक्तिहरु धेरै जसो तँ भन्दा म के कमछु र ? भन्ने विचारले मतभेद निकाली अल्झिरहने गर्छन् ।

सम्यक दृष्टि सहितका व्यक्तिहरूले मन वचन र कर्मले गरिने १० वटा कर्महरू सचरित्रवान रही सबैलाई हित हुने तरिकाले कार्य गर्ने हुन्छन् । तर मिथ्या दृष्टि सहितका व्यक्तिहरूले ठीक यसको विपरित भई १० अकुशल कर्ममा लागिरहेका हुन्छन् । यसरी उनीहरू सच्चरित्रवान् नभई दुश्चरित्रवान् हुन्छन् ।

## भिक्षु अश्वघोष महास्थविरको ८३ औं जन्मोत्सव सम्पन्न



भिक्षु अश्वघोष महास्थविरको ८३ औं जन्मोत्सवको उपलक्ष्यमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनार्थ संचालित चित्रकला प्रतियोगितामा भाग लिइरहेका बाल-बालिकाहरू

*२०६६ जेठ ३० गते ।*

*स्थान- धर्मकीर्ति विहार । श्रीघ, नःघः काठमाडौं ।*

यसदिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा संचालित एक कार्यक्रममा यस गोष्ठीका धम्मानुशासक भिक्षु अश्वघोष महास्थविरको ८३ औं जन्मोत्सव सुसम्पन्न गरेको छ । भिक्षुणी धम्मवतीको सभापतित्त्वमा संचालित उक्त कार्यक्रममा लोचनतारा तुलाधरले स्वागत भाषण गर्नु भएको थियो । गत जेठ १६ गते भिक्षु अश्वघोष ८३ औं जन्मोत्सवको उपलक्ष्यमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले बाल चित्रकला प्रतियोगिताको पनि आयोजना गरिएको थियो ।

८ वर्ष देखि १२ वर्ष उमेरका बालबालिकाले लुम्बिनीमा सिद्धार्थ कुमारको जन्मको क्षणलाई चित्रमा उतार्नुपर्ने एक समूहमा जम्मा ४४ जना बालबालिकाले भाग लिनुभएका थिए ।

यसरी नै १३ वर्ष देखि १६ वर्ष उमेरका जम्मा १६ जना बालबालिकाले भगवान बुद्ध र देवदत्त विषयमा चित्रलेखी उक्त प्रतियोगितमा भाग लिनु भएका थिए ।

जेठ ३० गते संचालित कार्यक्रममा विभिन्न बालबालिकाहरूले गीत, कविता, बुद्धपूजा प्रस्तुत गरी कार्यक्रमलाई अझ रोचक बनाउनुभएका थिए भने एक बालीकाले पियानो बजाई गीत प्रस्तुत गर्नुभएकी थिईन् ।

उक्त कार्यक्रममा भिक्षु अश्वघोष महास्थविर द्वारा लिखित धर्म उपदेश भाग-२ पुस्तक भिक्षुणी धम्मवतीले विमोचन गर्नु भएकी थिइन् । यस पुस्तक प्रकाशनको लागि सिद्धार्थमान र डा. सुमनकमल तुलाधरको तर्फबाट आवश्यक आर्थिक सहयोग प्रदान गरिएको थियो । पुस्तक प्रकाशमको विषयमा डा. सुमनकमल तुलाधरले आफ्नो मन्तव्य पनि व्यक्त गर्नुभएकी थिइन् ।



Downloaded from http://www.dhamma.digital

कार्यक्रममा चित्रकला प्रतियोगिताको परिणाम प्रस्तुत गरिनुका साथै प्रतियोगितामा सहभागी हुने सबै बाल-बालिकाहरूलाई भिक्षु अश्वघोषमहास्थविरको तर्फबाट पुरस्कार प्रदान गरिएको थियो ।

भिक्षु उत्तमो, किरण चित्रकार र राहुल तुलाधर आदिको निर्णायक मण्डलबाट गरिएको निर्णयानुसार उक्त प्रति-योगितामा १३ वर्ष देखि १६ वर्ष सम्मको उमेरका बालबालिकाहरूले भाग लिएका थिए । यस प्रतियोगितामा मा श्रद्धा गुरुमां, दिप्सन महर्जन र एमन शाक्य क्रमश: प्रथम, द्वितीय र तृतीय हुन सफल भएका थिए ।

निर्णायक मण्डलको तर्फबाट राहुल तुलाधरले पनि निर्णय कार्य विषयमा आफ्नो अनुभव वताउनु भएको थियो । प्रतियोगिताका संयोजिका शुभवती गुरूमांले धन्यवाद ज्ञापन गर्नुभएकी थिइन् । यस चित्रकला प्रतियोगिता शुभवती गुरूमां र श्रीमती सरोज मानन्धरको संयोजकत्वमा संचालन गरिएको थियो । जेठ ३० गतेको कार्यक्रमको उद्घोषिका प्रफुल्ल कमल ताम्राकार हुनुहुन्थ्यो ।

चित्रकला प्रतियोगितामा भाग लिएका प्रतियोगी-हरूलाई पुरस्कार प्रदान गर्नका लागि चन्दा प्रदान गर्नुहुने सहयोगी दाताहरूको नाम यसरी प्राप्त भएका छन्–

| | | |
|---|---|---|
| १) | कयहैं पुच: ध.की. | रु. १५००।- |
| २) | पूर्णहिरा भोजन पुच: | रु. १५००।- |
| ३) | धर्मकीर्ति पुलां पुच: | रु. १५००।- |
| ४) | प्रशन्नकाजी ताम्राकार | रु. १०००।- |
| ५) | तता पुच: ध.की. | रु. १०००।- |
| ६) | ध.की.ज्ञानमाला भजन | रु. ७००।- |
| ७) | शुसन राज वज्राचार्य | रु. २०५।- |
| ८) | वीर्यवती गुरूमां | रु. २००।- |
| ९) | मदन रत्न मानन्धर | रु. २००।- |
| १०) | विजय शाक्य | रु. १०५।- |
| ११) | अमीर शोभा शाक्य | रु. १००।- |
| १२) | अमीर कुमारी शाक्य | रु. १००।- |
| १३) | सुरेश डंगोल | रु. १००।- |
| १४) | राजभाई तुलाधर | रु. १००।- |
| १५) | मीन शोभा शाक्य | रु. १००।- |
| १६) | रोशन काजी तुलाधर | रु. १००।- |
| १७) | श्यामलाल चित्रकार | रु. १००।- |
| १८) | शुभद्रा स्थापित | रु. ५१।- |
| १९) | डा. कविन्दु वज्राचार्य | रु. ५०।- |
| २०) | अमिन शाक्य | रु. ५०।- |
| २१) | केशव महर्जन | रु. ५०।- |
| २२) | नविन महर्जन | रु. ५०।- |
| २३) | मायादेवी महर्जन | रु. ५०।- |
| २४) | पूण्य लक्ष्मी रजितकार | रु. ५०।- |
| २५) | सुवर्ण रञ्जित | रु. ५०।- |
| २६) | अरूण सिद्धि | रु. ५०।- |
| २७) | राम कुमारी मानन्धर | रु. ५०।- |

२८) राहुल तुलाधर– भगवान बुद्ध मूर्ति ६ थान
२९) बोटलर्स नेपाल– ठूलो कोक १२ बोटल
३०) श्रीमती सरोज मानन्धर
Drawing Board ५ वटा र परियत्तिशिक्षा सिडी-६ वटा
३१) श्रीमती करूणा माननधर Drawing Board ५ वटा
३२) सहना मानन्धर
प्लाष्टिक ब्याग -३ वटा, सानो टयूब गम - ३ वटा, डटपेन - ३ वटा

| | | |
|---|---|---|
| ३३) | ऐश्वर्य | पेन्सिल १० वटा |
| ३४) | मिनरवती | पेन्सिल १० वटा |
| ३५) | नेपाल वोर्डस् | १ कार्टुन कोक |

## सूचना ! सूचना !! सूचना !!!

पूज्य भिक्षुणी धम्मवती गुरूमांको ७५ औं वर्षिय जन्मोत्सवको शुभ उपलक्ष्यमा यही आषाढ १८ गते बिहिवार देखि भिक्षु महासंघको तर्फबाट अभिधर्म पाठ एवं धर्मदेशना भइरहेको छ । यस कार्यक्रम यही असार २४ गते बुद्धवार सम्म संचालन हुनेछ । इच्छुक श्रद्धालु धर्मप्रेमीहरूलाई यस कार्यक्रममा भाग लिन आउनु हुन निमन्त्रणा गर्दछौं ।

**समय- बिहान ७ बजे देखि ९ बजे सम्म ।  स्थान- धर्मकीर्ति विहार, श्रीघः, नघः**

**धर्मकीर्ति विहार परिवार**

## धर्म प्रचार

## समाचार

### विराट नगरमा बुद्ध पूर्णिमा महोत्सव

विराट बौद्ध संघले २५५३ औं बुद्ध पूर्णिमा महोत्सव स्थानिय बौद्ध संघ संस्था एवं सामाजिक संस्थाहरूको सहभागितामा विभिन्न कार्यक्रमहरू संचालनगरी मनाइएको समाचार छ ।

प्राप्त समाचार अनुसार उपासिका संघको आयोजनामा कल्पवृक्ष दान, र गिलान पूजा गरिएको थियो भने विराट बौद्ध संघले शान्तिपद यात्राको आयोजना गरिएको थियो । उक्त शान्ति पद यात्रा विराटनगर १५ स्थित बुद्ध विहारमा पुगी शील प्रार्थना र बुद्ध पूजा पश्चात् धार्मिक सभामा परिवर्तन भएको थियो । माननिय सभासद डा. श्री शेखर कोइरालाज्यूको प्रमुख आतिथ्य एवं श्री मोहन प्रसाद शाक्यको अध्यक्षतामा संचालित उक्त कार्यक्रममा सत्यनारायण ताम्राकारले स्वागत मन्तव्य प्रस्तुत गर्नुभई विराट बौद्ध संघको प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । यस्तै नै जमुना वज्राचार्य, गंगादेवी हलुवाई, लक्ष्मी प्रधान, धर्मकुमार हलुवाई र शेखर कोइराला, मोहन प्रसाद शाक्य आदिबाट आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा ऋद्धि हर्ष वज्राचार्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

यसरी नै मोरङ्ग विराटनगरमा प्रथम पटक भिक्षु महासंघको सहभागितामा महापरित्राण पाठ सम्पन्न भएको समाचार छ । उक्त अवसरमा विराट बौद्ध संघलाई भवन निर्माण उपासिका संघले रू. २०,००० (वीस हजार रूपैंया) प्रदान गरिएको पनि समाचार छ ।

### धर्मोदय सभा स्याङ्गजा शाखाको नवनिर्मित विहार उद्घाटन

धर्मोदय सभा स्याङ्गजा शाखाको आयोजनामा २५५३ औं बुद्ध पूर्णिमा महोत्सवको अवसरमा नवनिर्मित धर्मोदय सभा विहारको उद्घाटन गरिएको समाचार छ । धर्मोदय सभाका केन्द्रिय उपाध्यक्ष मा. इन्द्रवहादुर गरूङ्गको प्रमुख आतिथ्यमा एवं शाखाका कार्यवाहक सचिव इन्द्रप्रसाद गुरूङ्गको सभापतित्त्वमा संचालित उक्त कार्यक्रममा शाखाका सल्लाहकार रेखबहादुर गुरूङ्गवाट स्वागत मन्तव्य प्रस्तुत गर्नु भएको थियो । सहसचिव जुम काजी गुरूङ्गले उद्घोषण गर्नुभएको उक्त सभामा यम बहादुर गुरूङ्गले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

उक्त सभामा मा. श्री इन्द्रबहादर गुरूङ्ग र धर्मोदय सभा केन्द्रीय समितिका महासचिव श्री सुचित्रमान शाक्यले मन्तव्य व्यक्त गर्नु भएका थिए ।

### धर्मोदय - वृहद बौद्ध सभा सम्पन्न

*२०६६ वैशाख १९ शनिवार ।*

*स्थान- विश्वशान्ति मीनभवन, काठमाडौं*

नेपालको जेष्ठ बौद्ध संस्था धर्मदय सभाले २५५३ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा वृद्ध बौद्ध सभा आयोजना गरिएको समाचार छ ।

सम्माननिय सभामुख श्री सुवास नेम्वाङ्ग ज्यूको प्रमुख आतिथ्यिमा र पं. बद्रीरत्न वज्राचार्य (अध्यक्ष धर्मोदय सभा) को सभापतित्त्वमा संचालित उक्त कार्यक्रममा तीनै यानका बौद्ध गुरू, भिक्षु, लामा तथा वज्राचार्यहरूबाट सूत्रपाठ मंगलास्रव, स्वस्तिवाचन गराई सम्पन्न गरियो भने अन्नपूर्ण ज्ञानमाला भजन खल:बाट भजन पनि प्रस्तुत गरिएको थियो ।

उक्त सभामा म्यानमारका महामहिम राजदूत, धर्मोदयका श्रेद्धेय धम्मानुशासक भिक्षु कुमार काश्यप महास्थविर, WFB का उपाध्यक्ष माननीय श्री पद्म ज्योति कंसाकार, विहाराधिपति श्रध्येय भिक्षु ज्ञानपूर्णिक महास्थविर आदिको आशन ग्रहणपछि श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविरले शील प्रार्थना गराउनु भएको थियो ।

धर्मोदय सभाका महासचिव श्री सुचित्रमान शाक्यबाट स्वागत मन्तव्य व्यक्त गर्नुभएपछि प्रमुख अतिथीबाट पानसमा बत्ति बाली उद्घाटन गर्नुभएको थियो । उक्त कार्यक्रममा सह कोषाध्यक्ष सागरमान वज्राचार्यबाट धर्मोदयको क्रियाकलाप र कदरपत्र पाउने जेष्ठ सेवकहरूको संक्षिप्त जीवनी सुनउनुभयो भने अध्यक्ष श्री सुवर्ण शाक्यले कदर पत्र वाचन गर्नुभएको थियो । उक्त कार्यक्रममा कदर पत्र प्राप्त गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो-

(१) भिक्षु कुमार काश्यप महास्थविर





Downloaded from http://www.dhamma.digital

(२) लोकदर्शन वज्राचार्य (३) पुष्परत्न सागर
(४) कृष्ण बहादुर मानन्धर (५) सत्यमोहन जोशी
(६) कुलधर्मरत्न तुलाधर आदि ।

माननीय पद्म ज्योती, भिक्षु ज्ञानपूर्णिक महास्थविर, लामा भिक्षु, गुरू टेण्डर, कुलधर्मरत्न तुलाधर, लक्ष्मीदास मानन्धर आदिबाट मन्तव्य व्यक्त गर्नुभएपछि माननिय इन्द्रबहादुर गुरुङ्गले धन्यवाद ज्ञापन गर्नुभएको उक्त कार्यक्रममा पं. बद्रीरत्न बज्राचार्यले अनुमोदन पाठ र मन्तव्य गर्नुहुँदै सभा विसर्जन गर्नु भएको थियो ।

## रक्तदान कार्यक्रम सम्पन्न

*२०६६ वैशाख २६ गते, शनीवार*
*स्थान- सुनसरी, इटहरी चौक ।*

२५५३ औं वैशाख पूर्णिमाको उपलक्ष्यमा धुलिखेल समाज इटहरीको आयोजनामा इटहरी नगरपालिका कार्यालय प्रमुख गणेश प्रसाद दाहालको प्रमुख आतिथ्यमा रक्तदान कार्यक्रम सम्पन्न गरिएको समाचार छ । उक्त कार्यक्रममा धुलिखेल समाज इटहरीका पदाधिकारीहरू लगायत अन्य स्थानिय वासीहरू गरी जम्मा ४५ जना रक्तदाताहरूले रक्तदान दिनुभएको कुरा प्राप्त समाचारमा उल्लेख गरिएको छ ।

## दिनभर महापरित्राण पाठ सम्पन्न

*२०६६ जेठ १६ गते । स्थान- सीता पाइला*

यसदिन दाता राजेश, शोभा श्रेष्ठ सपरिवारको तर्फबाट आयोजित महापरित्राण पाठ कार्यक्रममा गुरूमांहरूको समूहले दिनभर महापरित्राण पाठ गर्नुभएको थियो । धम्मवती गुरूमांको निर्देशनमा संचालित उक्त कार्यक्रममा महापरित्राण पाठ गर्नुहुने गुरूमांहरूको नामावली यसरी रहेको छ–

दोगुणवती, धम्मवती, चमेली, अनुपमा, पञ्ञावती, संघवती, दानवती, त्यागवती, पूण्यवती, शुभवती, सुखवती, तिक्खावती, अमला, वण्णवती, ध्यानवती, सुशीलवती, प्रशन्नवती आदि ।

उक्त कार्यक्रममा धम्मवती गुरूमांले धर्मदेशना गर्नुभएको थियो ।

## दान गरेको आँखा सफल प्रत्यारोपण

नगदेश बुद्ध विहारकी उपासिका; मध्यपुर थिमि नगर-४, पुखुसीटोल निबासी ८४ बर्षीय रत्न माया घजुको गत वि.सं. २०६६ जेष्ठ- २०, बुद्धबार, एकादशीका दिन देहावसान भएको लगतै वहाँको परिवारजनको पूर्ण सहमतिमा तिलगंगा आँखा केन्द्रको सहयोगमा दुईवटै आँखा दान कार्य नगदेश स्थितको मसान घाटमा सम्पन्न भएको समाचार छ । सो दान गरेको आँखाहरू मध्ये एउटा आँखा भोलिपल्टै सिन्धुपाल्चोक निबासी ३४ बर्षीय तामाङ्ग महिलालाई सफल प्रत्यारोपण गरेको छ । अर्को आँखा बिस्तृत परीक्षण पछि केही दिन पश्चात् प्रत्यारोपण गर्ने ब्यहोरा तिलगंगा आँखा केन्द्रबाट जानकारी गराएको छ । अत: मृतक वरिष्ठ उपासिका घजुको सद्गति र निर्बाण कामना गरिएको छ भने तिलगंगा आँखा केन्द्र प्रति नगदेश बौद्ध समूह साधुवादका साथ कृतज्ञता ज्ञापन गरिएको कुरा समाचारमा उल्लेख गरिएको छ ।

## महेन्द्र महास्थविरको गुणानुस्मरण गरी बुद्धपूजा

नगदेश बौद्ध समूहको अगुवाईमा जेष्ठ पूर्णिमाको दिनमा भव्य बुद्धपूजा गरिएको समाचार छ । बौद्ध जगतमा जेष्ठ पूर्णिमाको पनि अनुस्मरणगर्ने गरिन्छ । जेष्ठ पूर्णिमाको दिनमा महान धर्म सम्राट अशोक पुत्र महेन्द्र महास्थविरले भगवान् बुद्धद्वारा देशित "धम्म" प्रचार प्रसार गर्ने हेतुले मित्रराष्ट्र श्रीलंकामा पदार्पण गर्नु भएको थियो । भगवान बुद्धले देखाउनु भएको "धम्म" बिजारोपण गरी "धम्म" प्रचार प्रसार गर्नु भएको गुणानुस्मरण गरी भव्य बुद्ध पूजा गरेको पुनित कार्यमा श्रद्धेय भिक्षु वरसम्बोधिले अष्टशील र पञ्चशील प्रार्थना गराउनु भएको थियो भने बुद्धपूजा पश्चात् ५ दिन अघि यस अनित्य भौतिक संसारबाट सदाको निम्ति बिदा भै देहावसान भएकी मध्यपुर थिमी नगर-४, पुखुसीटोल, नगदेशनिबासी ८४ वर्षीय बरिष्ठ उपासिका रत्नमाया घजुको आँखा दान, र दान गरेको आँखा प्रत्यारोपण गरेको जस्ता पुनित कार्यको पूण्यानु भावले मृतक उपासिकाको सद्गति र निर्बाण कामना गरिएको थियो । जेष्ठ पूर्णिमाको बुद्धपूजामा श्रद्धेय भिक्षु संघ र अष्टशील पालनगरी ब्रत बस्नु भएका डेढ दर्जन उपासक उपासिकाहरू लगायत सबैलाई भोजनको ब्यवस्था गरी र अन्तमा सामूहिक पूण्यानु मोदन गरी कार्य सम्पन्न गरियो ।

## मैत्री बोधिसत्व महाविहारमा बुद्धपूजा र धर्मदेशना

*२०६६ जेठ १६ गते*

*स्थान- जमोबहा: काठमाडौं ।*

यसदिन पञ्चशील प्रार्थना र बुद्धपूजा पश्चात् धम्मवती गुरूमांले धर्मदेशना गर्नुभएको थियो । धर्मकीर्ति ज्ञानमाला भजनको तर्फबाट ज्ञानमाला भजन प्रस्तुत गरिएको उक्त कार्यक्रममा उपस्थित हुनुभएका सबै सहभागीहरूलाई आफ्ना दिवंगत माता पिताहरू क्रमश: नील रत्न कंसाकार र हर्षदेवी कंसाकारको पूण्य स्मृतिमा छोरा रबि कंसाकार, बुहारी रसवन्ति कंसाकार प्रमुख सपरिवार सीतापाइलाको तर्फबाट जलपान दान गरी पूण्य संचय गरिएको थियो ।

## स्वयम्भू धर्मपासा पुच: पाखें सफू गुहाली

२०६६, जेठ ३०, सुवर्ण छत्रपूर विहार, लुभु ।

स्वयम्भू धर्मपासा पुच: पाखें सुवर्ण छत्रपुर विहार लुभुई परियत्ति शिक्षा ब्वनाच्वंपिं विद्यार्थीपिन्त लिधंसा बीकथं जलपान, भोजन व सफू, कापी बिया: गुहाली या:गु बुखँ दु । अथेहे उगु विहार निर्माण ज्याया लागि थुगु पुच: पाखें रू. १०,००० ।- (दश हजार रूपैयाँ) व छवोरा जाकी नं गुहाली या:गु खँ प्राप्त बुखँय् उल्लेख जुयाच्वंगु दु । न्यनेदु, उगू बिहारे भिक्षु पदुम पाखें परियत्ति शिक्षा संचालन जुयाच्वंगु ख: ।

## सद्धर्म कथा संग्रह विमोचन

*२०६६ साल वैशाख १ गते*

*ललितपुर ।*

नववर्ष २०६६ सालया उपलक्ष्यय् यलया बार एशोसिएशन भवन लगंख्यलय् नेपाल बौद्ध परिषद्या तत्वावधानय् परिषद्या अध्यक्ष एवं आधारभूत बौद्ध कक्षाया प्रशिक्षक भाजु महीश्वरराज वज्राचार्य जुया कृति सद्धर्म कथा संग्रह नामक ग्रन्थया विमोचन तथा धर्मदान समारोह सम्पन्न जुल । यलय पूर्व मेयर भाजु बेखारत्न शाक्य जुया सभापतित्वय् जूगु थुगु समारोहस प्राध्यापक भाजु सिद्धिविलास वज्राचार्यजुं उगु ग्रन्थ विमोचन याना दिइगु जुल ।

थुगु क्रमय् विमोचक भाजु सिद्धि विलास वज्राचार्यजुं भाजु महीश्वरराज वज्राचार्य थें जा:म्ह नां दंम्ह बौद्ध विद्वानया कृति विमोचन यायेगु शुअवसर प्राप्त जूगुलिइ परिषद्प्रति आभार व्यक्त याना दिसे थ्व ग्रन्थ अति महत्वपूर्ण जूगु खँ न्हयथनादिल ।

मन्तव्यया क्रमय् परिषद्या महासचिव भाजु पूर्णमान चित्रकार जुं परिषद्या उद्देश्य एवं गतिविधि प्रकाश यानालि थुगु ग्रन्थया महिमा कनादिलसा पूर्वकोषया अध्यक्ष भाजु मीनवहादुर वज्राचार्यजुं थुगु ग्रन्थया बिशेषता एवं ग्रन्थकारया बुद्धधर्म प्रतिया समर्पित भावना न्हयथना दिइगु जुल ।

थुगु क्रमय् ग्रन्थ च्वमि भाजु महीश्वरराज वज्राचार्य थ्व सद्धर्म ग्रन्थ धर्मदानया रूपय वितरण जूगुलिइ अपार हर्ष प्रकट यासे नेपाल बौद्ध परिषद्पाखें विगत २०५९ सालनिसें सञ्चालन जुया वइच्वंगु बुद्धधर्मया श्रावकयाननिसें वज्रयानतकया नि: शुल्क आधारभूत बौद्धकक्षा नं धर्मदानया छगू ज्वलन्त उदाहरण ख: धइगु खँय् प्रकाश यानादिल ।

समारोहया अन्तय् पूर्व मेयर भाजु बेखारत्न शाक्य जुं थुगु महत्वपूर्ण ग्रन्थ स्वचित्त स्वमनं धर्मदानयारूपय् प्रकाशन यानादिइपिं च्वमि भाजुया जिजा भाजु तथा म्हयाय् मयजु अमेरिका निवासी सजिव वज्राचार्य एवं अञ्जना वज्राचार्यया सपरिवार प्रति धन्यवाद ज्ञापन यानालि धर्म सभाय् उपस्थित श्रद्धालु सकलयात धन्यवाद ज्ञापन याना सभा विशर्जन यानदिइगु जुल । थ्व ग्रन्थ विमोचन तथा धर्मदान समारोहय् परिषद्या उपाध्यक्ष भाजु डा. लक्ष्मण शाक्यजुं स्वागत मन्तव्य बियादिलसा सचिव भाजु काजिरत्न शाक्यजुं धन्यवाद ज्ञापन याना दिइगु जुल । समारोहया उद्घोषण नं वयक: भाजु काजीरत्न शाक्यजुं हे यानदिइगु जुल ।

थुगु उपलक्ष्यय् च्वमि भाजुया परिवारजनपाखें आमन्त्रित महानुभावपिन्त जलपानया आयोजना नं यानादिइगु जुल ।

> **"मनुष्य योनीमा जन्म लिनु कठिन छ जन्मेर पनि जीवित रहनु कठिन छ । जीवित रहे पनि धर्म श्रवण गर्नु कठिन छ औ बुद्धको जन्म हुनु पनि कठिन छ ।" - धम्मपद**



Downloaded from http://www.dhamma.digital

# बुद्ध पूजा धर्मदेशना व ज्ञानमाला भजन कार्यक्रम न्ह्याकाः ज्याः जंक्व ज्याझ्वः क्वचाल



भाजु मानकाजी शाक्य व सूर्यमाया शाक्य या न्हापांगु ज्या:जंको (भीमरथारोहण) या उपलक्ष्यसं भिक्षु पञ्ञा रतन पाखें धर्मदेशना जुयाच्वंगु

*२०६६ आषाढ ६ गते, स्थान- रूद्रवर्ण महाविहार, यल*

भाजु मानकाजी शाक्य व सूर्यमाया शाक्य या न्हापांगु ज्या:जंको (भीमरथारोहण) या उपलक्ष्य वसपोलपिसं यें धर्मकीर्ति विहारया गुरूमांपि लगायत उपासकपासिकापिन्त निमन्त्रणा यासे बुद्धपूजा, धर्मदेशना व ज्ञानमाला भजनया कार्यक्रम आयोजना यानादीगु ख। वसपोलपिनि निमन्त्रणाय् यलया गुरूमां व उपासक उपासिकापिं नं यक्कों सहभागी जुया विज्या:गु दु। उलिजक मखु वसपोलपिनि निमन्त्रणाय् भिक्षु पञ्ञारतन व भिक्षु उत्तमो नं उगु ज्याझ्वले व्वति क्याबिज्या:गु ख:।

धम्मवती गुरूमांया नेतृत्वय् यें निसें गुरूमांपिं व उपासकोपासिकापिं लगायत धर्मकीर्ति ज्ञानमाला भजन खल: नं ब्वतिका:गु उगु ज्याझ्व ले न्हापां भिक्षु पञ्ञारतन पाखें पञ्चशील प्रार्थना याका: बुद्ध पूजा याका विज्यात। लिपा वसपोलं हे धर्मदेशना नं याना बिज्या:गु ख:। लुमंके वह:जू ज्या: जंको न्यायका च्वना बिज्या:म्ह मानकाजी शाक्य श्रद्धेय धम्मवती गुरूमांया दाजु ख:। उकें वसपोलं उगु सभाय् धम्मवती गुरूमां बुद्ध शासनय् त्यागी जुयाबिज्या:गु या कारण कनाबिज्यासे थ:नं त्यागी ज्वीत उगु इलय् छ्येंनं बिस्यूं वनागु ख:सा थ:बौ नं सिया: थानकोटया गढिं निसे लिगना ह:गुलिं त्यागी ज्वी मखंगु व त्यागीज्वी मखंसां थुगुहे रूद्रवर्ण महाविहारय् आजु जुयाच्वनागु विषये रोचक जानकारी न्हयब्वया: थुकी नं थ: सन्तुष्ट जुयाच्वनागु खँ न्हयब्वयाबिज्यात। अथेहे धम्मवती गुरूमांनं नं वि.सं. २००६ सालय् बुद्ध शिक्षा सय्क्य सीकेत नेपा: तोता: विज्यागु घटना उल्लेख याना बिज्यासे थ: मां नं अशोक महाराजां थ: काय् म्हयाय् बुद्ध शासनय् त्याग या:गु आदर्शयात कया: वसपोलपिन्तनं बुद्धशासनय् त्याग याना बिज्या:गु या विषय न्हयब्वया बिज्यात।

थुगु ज्याझ्वले धर्मकीर्ति ज्ञानमाला भजन पाखें ज्ञानमाला भजन प्रस्तुत यासे ज्या:जंक्व न्याय्का बिज्यापिं मानकाजी शाक्य व सूर्यमाया शाक्ययात खाता गां न्येका: ज्ञानमाला चिं ल:ल्हासे हनेगु ज्या क्वचायकूगु ख:। अथेहे ज्ञानमाला भजनया लागि ज्याथ: जुया विज्या:म्ह मानकाजी शाक्यं रु. १०००।- खामय् तया चन्दा ल: ल्हानादीगु ख:।

कार्यक्रमया आयोजकपिनि पाखें थुगु ज्याझ्वले भ्रा:पिं सकसितं जलपान दान याना: पुण्य सञ्चय यानदीगु ख:। ज्याझ्व:या अन्तय् पञ्ञारतन भन्तेपाखें पूण्यानुमोदन यासे ज्याझ्व: क्वचाय्का बिज्या:गु ख:।

## जन्मदिनया उपलक्ष्य भिन्तुना !

**■ सुभद्रा स्थापिपंत**

**भिन्तुना, भिन्तुना, भिन्तुना।**
**जिमि योम्ह: पुज्यनिय गुरूमांयात**
**यक्को यक्को भिन्तुना देछानाच्वना**
**थ्वहे आषाढ महिना दिनया उपलक्षसं**
**न्हि थं छ:पिनिगु स्वास्थ लाभ व दिर्घायु जुयाच्वनेमा**
**खुशिंया लहरां बिलिबिली जायच्वनेमा**
**छ:पि ख: संकलया उदारवादि।**
**अध्ययन गोष्ठि न्ह्याकेया निम्ति**
**जुया बिज्याईम्ह न्ह्यावले तत्पर**
**बुद्ध धर्मया लँपुईला भ्रन हे**
**न्हिया न्हिथं न्ह्यानाहे च्वनाविज्याइम्ह**
**सकसितं जीवनय् जुइमा:**
**व्याबहारिक धका स्यनाबिज्याम्ह**
**उकीं न्यना च्वनेदयमा**
**न्ह्याबलें छ:पिनिगु धर्म देशना**
**'भबतु संब्व मंगलं'**

बा.अ.का.द.नं. - ७०/०४०/४१ म.क्षे.हु.नि.द.नं. १७/०६५/६६

# शुभ-कामना !



## श्रद्धेय भिक्षुणी धम्मवती

शासन धज धम्माचरिय, अग्गमहागन्थवाचक पण्डित

धर्मकीर्ति बौद्ध मासिक पत्रिकाका प्रकाशक एवं विशेष सल्लाहकार,
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धर्मकीर्ति विहार संरक्षण कोष
एवं धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनका अध्यक्ष र
धर्मकीर्ति विहारका संस्थापिका

**पूज्य भिक्षुणी धम्मवतीको ७५ औं वर्षिय जन्मोत्सवको**
शुभ उपलक्ष्यमा उहाँले बुद्ध शासनिक क्षेत्रमा पुऱ्याउनु भएको
अतुलनिय योगदानलाई स्मरण गर्दै
उहाँको अध्यात्मिक शान्ति एव आयु आरोग्य कामना गर्दछौ ।

**• धर्मकीर्ति विहार संरक्षण कोष, • धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**• धर्मकीर्ति मासिक पत्रिका, • धर्मकीर्ति स्वास्थ कमिटी**
**• धर्मकीर्ति शिक्षा सदन, • धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन**
**• अल्पकालिन प्रव्रज्या उपकमिटी, • अडियो भिजुयल उपकमिटी**
**• धर्मकीर्ति विहार परिवार**

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं, नेपाल । फोन: ४४३४८५०, ४४३४७५३, फ्याक्स: (९७७-१) ४४३३९२९
व्यापारिक कार्यालय: शुक्रपथ, काठमाडौं । फोन: ४२५९०३२, ४२५९४५०, फ्याक्स: (९७७-१) ४२५८६७८

Downloaded from http://www.dhamma.digital